# अध्याय एक :

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

संस्कृतको 'भाष्' धातुबाट 'भाषा' शब्दको निर्माण भएको हो । 'भाष्' धातुको अर्थ बोल्नु वा भन्नु भन्ने हुन्छ । यसमा स्त्रीत्वबोधक 'टाप्' (आ) प्रत्यय लागेर बनेको 'भाषा' शब्दले 'बोली' भन्ने अर्थ दिएको छ । भाषा विचार विनिमयको माध्यम हो तर विचार विनिमयका सबै माध्यमलाई भाषा भनिँदैन । खास गरी स्वर र व्यञ्जन जस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मान्छेका उच्चारण अवयवद्वारा उच्चरित आवाजलाई मात्र भाषा भनिन्छ । यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनिप्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ (न्यौपाने, २०६६:१) ।

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । 'घर, घरेलु, पानी' आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थपूर्ण पनि भएका हुँदा शब्द हुन् तर उपसर्ग ( प्र, वि, निर् आदि ) तथा प्रत्यय ( आलु, एलु, इक् आदि ) को प्रयोग स्वतन्त्र रूपमा नहुने र तिनका अर्थ पनि नभएकाले ती शब्द होइनन् । त्यस्तै, 'गर्, पढ्, लेख्' आदि धातुहरू अर्थयुक्त भएपनि तिनको स्वतन्त्र प्रयोग नहुने हुनाले ती पनि शब्द मानिदैँनन् ( बराल,२०६६:८) ।

## १.२ शब्दको वर्गीकरण

नेपाली भाषाका शब्दहरूलाई प्रायः स्रोत, बनोट र कार्यको आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### १.२.१ स्रोतका आधारमा शब्दको वर्गीकरण

नेपाली भाषाको शब्दभण्डार धेरैजसो संस्कृत भाषाकै शब्दहरूले भरिएको छ र केही शब्दहरू अन्य भाषाबाट पनि आएका छन् । यसै आधारमा नेपाली शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारमा बाँडन सकिन्छ । तत्सम र तद्भवलाई नेपालीमा मौलिक शब्द पनि भनिन्छ ।

### १.२.१.१ तत्सम शब्द

'तत्सम' को अर्थ 'पहिले भएजस्तै' भन्ने हो । संस्कृत वा प्राकृत भाषाबाट जस्ताको त्यस्तै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस्ता शब्दहरू लेख्ता सामान्यतया हिज्जे फेरिएको हुँदैन (बराल र एटम,२०६६:८७)ý: अभिनेत्री, तीक्ष्ण, अर्थ, इन्द्रिय आदि ।

### १.२.१.२ तद्भव शब्द

संस्कृत र प्राकृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तित र विकसित हुँदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ (बराल र एटम, २०६६:८८) । तद्भव शब्द सामान्यतया संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका छन्ý जस्तै :

| **संस्कृत** | **प्राकृत** | **नेपाली** |
|---|---|---|
| अग्नि | अग्गि | आगो |
| घृतम् | घिअ | घिउ |
| हस्त | हत्थ | हात |
| कर्म | कम्म | काम |

### १.२.१.३ आगन्तुक शब्द

संस्कृत र प्राकृत भाषाभन्दा बाहेकका अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दहरूमा नेपालमै बोलिने राष्ट्रिय भाषाका तथा बाहिरका सबै भाषाका पर्दछन् । आगन्तुक शब्द देशज र विदेशज गरी दुई प्रकारका हुन्छन् ।

**देशज-** देशभित्रकै विभिन्न भाषाबाट आएका तथा भाषिकाहरूबाट नेपाली भाषामा आएका शब्दलाई देशज आगन्तुक शब्द भनिन्छý जस्तैः क्वाँटी, डम्फू आदि ।

**विदेशज** - नेपालमा बोलिने अन्य विदेशी भाषाबाट आगमन भएका शब्दहरू विदेशज आगन्तुक शब्द अन्तर्गत पर्दछन्ý जस्तैः जेल, कफन आदि ।

### १.२.२ बनोट / व्युत्पत्तिका आधारमा शब्दको वर्गीकरण

बनोट भनेको शब्दको निर्माणप्रक्रिया हो । शब्दहरूमध्ये कुनै शब्दलाई टुक्रा पार्न सकिन्छ तर कुनै शब्द टुक्रा पार्न सकिँदैन । यसरी बनोट वा व्युत्पत्तिका आधारमा शब्दलाई मूल शब्द र व्युत्पन्न शब्द गरी दुई प्रकारले वर्गीकरण गरेको पाइन्छ ।

#### १.२.२.१ मूल शब्द/अव्युत्पन्न शब्द

जसको व्युत्पादन हुन सक्दैन वा जसलाई टुक्र्याएर सार्थक शब्दका रूपमा प्रयोग गर्न सकिदैँन, ती मूल/अव्युत्पन्न शब्द हुन् अथवा जुन मूल शब्दमा प्रत्यय, उपसर्ग लागेका छैनन् र समास र द्वित्व पनि भएको छैन त्यस्ता शब्द मूल वा अव्युत्पन्न हुन् ( पौडेल,२०६२:३६)ý जस्तै : घर, काठ, रूख, राम्रो, खराब आदि ।

#### १.२.२.२ व्युत्पन्न शब्द

जुन शब्दहरू प्रत्यय, उपसर्ग लागेर बनेका छन् अनि समास वा द्वित्व भएर निर्मित छन्, जसलाई व्युत्पादन गर्न वा अर्थका दृष्टिले पनि टुक्राउन सकिन्छ त्यसलाई व्युत्पन्न शब्द भनिन्छ ( पौडेल,२०६२:३६)ý जस्तैः

संहार – सम्+हार

दोबाटो – दुई बाटोको संगम

झझल्को – झल्को+झल्को आदि ।

### १.२.३ रूपतŒवका आधारमा शब्दको वर्गीकरण

यस आधारमा शब्दलाई विकारी र अविकारी गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ( पौडेल,२०६२:३६) ।

#### १.२.३.१ विकारी शब्द

व्याकरणीय कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य, भाव आदिका आधारमा रूप परिवर्तन वा विकार हुने शब्दलाई विकारी शब्द भनिन्छ ( पौडेल,२०६२:३७) । विकारी शब्दहरू पनि नाम, सर्वनाम, विशेषण र क्रियापद गरी चार प्रकारका हुन्छन् ।

##### १.२.३.१.१ नाम

कुनै वस्तु, पदार्थ तथा यिनीहरूमा हुने गुण वा भाव बुझाउँने शब्दहरूलाई नाम ( **Noun**) भनिन्छ । नाम 'को', 'के' भन्ने प्रश्नको उत्तरका रूपमा आउँछ (बराल र एटम,

२०६६:१०) । नामलाई व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भावाचक गरी पाँच भागमा वर्गीकरण गरिएको पाइन्छ ।

**क. व्यक्तिवाचक नाम**

एउटै वस्तु वा पदार्थलाई किटान गरेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ (बराल र एटम, २०६६:३२)ý जस्तै : राम, एसिया, नेपाल, पृथ्वी, दसैं, कोसी, मेची, सगरमाथा आदि ।

**ख. जातिवाचक नाम**

एउटा मात्र वस्तु वा पदार्थलाई मात्र किटेर नबुझाई एउटा सिङ्गै जातिलाई बुझाउने नामलाई जातिवाचक नाम भनिन्छ (बराल र एटम, २०६६:३२)ý जस्तैः मानिस, महादेश, देश, शहर, किताब आदि ।

**ग. समूहवाचक नाम**

कुनै व्यक्ति वा वस्तुको सामूहिक स्वरूप बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ - पौडेल, २०६२:३७)ý जस्तै : बथान, थुप्रो, फौज, गोलो आदि ।

**घ. द्रव्यवाचक नाम**

नापतौल गर्न सकिने तर गन्न नसकिने शब्दलाई द्रव्यवाचक नाम भनिन्छý जस्तै : नुन, तेल, ध्यू, पानी, चाँदी फलाम आदि ।

**ङ. भाववाचक नाम**

छुन वा देख्न नसकिने तर अनुभव गर्न सकिने नामलाई भाववाचक नाम भनिन्छ । अदृश्य वा अमूर्त वस्तुको कल्पना एवम् मानसिक धारणा अनुभूति तथा वस्तुको गुण, कार्य वा अवस्था बुझाउने नामलाई भाववाचक नाम भनिन्छý जस्तै : दया, माया, रिस, दुःख, घृणा आदि ।

### १.२.३.१.२ सर्वनाम

नामको कार्य गर्ने, को–के प्रश्नको उत्तरमा आउने तर नामका पुनरुक्ति रोक्न सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ (न्यौपाने, २०५४:२४) । सर्वनामलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

| | | | |
|---|---|---|---|
| **क. पुरुषवाचक** : | प्रथम पुरुष : | म | हामी |
| | द्वितीय पुरुष : | तँ | तिमी |
| | तृतीय पुरुष : | ऊ | उनी |
| **ख. दर्शक** : | निकट : | यो | यिनी |
| | दूर : | त्यो | तिनी |
| **ग. सम्बन्धी** : | मानवीय : जो | | |
| | मानवेतर : जे | | |
| **घ. प्रश्नार्थक** : | मानवीय : को | | |
| | मानवेतर : के | | |

### १.२.३.१.३ विशेषण

नाम र सर्वनामको विशेषता जनाउने वा गुण, दोष, स्वभाव, सङ्ख्या, परिमाण, आकार–प्रकार आदि जनाउने शब्दलाई विशेषण भनिन्छ (पौडेल, २०६२:३८) । नामसँग गरिने 'कुन, कस्तो, कत्रो' आदि प्रश्नका उत्तरमा विशेषण आउँछ (बराल र एटम, २०६६:११) । सामान्यतया विशेषण निम्न चार प्रकारका हुन्छन् :

**क. गुणबोधक**

कुनै वस्तु, व्यक्ति, पदार्थ आदिका स्वाद, रंग, स्वभाव, दिशा, आकार, भाव आदि गुण बुझाउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ (पौडेल, २०६२:३८)ý जस्तैः अमिलो, खैरो, साँगुरो,दानी, तल्लो आदि ।

**ख. सङ्ख्याबोधक**

नामको निश्चित वा अनिश्चित सङ्ख्या, क्रम तथा आवृत्ति आदिलाई बुझाउँने विशेषणलाई सङ्ख्याबोधक विशेषण भनिन्छ (बराल र एटम, २०६६:२०)ý जस्तै : पहिलो, दोस्रो, एक, दुई, धेरै, दोब्बर, एकएक, सयौँ आदि ।

**ग. परिमाणबोधक**

सङ्ख्या नबुझाई कुनै वस्तुको यति, उति भन्ने परिमाण वा मात्रा बुझाउने विशेषणलाई परिणामबोधक विशेषण भनिन्छ (बराल र एटम २०६६:२०)ý जस्तै : धेरै, थोरै, अलिकति, प्रशस्त, यावत आदि ।

**घ. सार्वनामिक विशेषण**

नामका अगाडि आएर त्यसैको विशेषता बुझाउने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ ( पौडेल, २०६२:३९) । सार्वनामिक विशेषणलाई निम्न प्रकारले विभाजन गर्न सकिन्छ :

सार्वनामिक विशेषण

| दर्शक | सम्बन्धवाचक | प्रश्नवाचक |
|---|---|---|
| (यो, त्यो, यी) | (जो, जुन, जस्तो) | (को, कुन, के ) |

(बराल र एटम,२०६६:२१)

## १.२.३.१.४ क्रियापद

वाक्यमा कर्ताले गरेको काम घटेको घटना अवस्था वा स्थिति बुझाउने शब्दलाई क्रियापद भनिन्छ (बराल र एटम, २०६६:३९) । क्रियालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

क. समापकताको आधार
- समापक
- असमापक

ख. अर्थ प्राधान्यको आधार
- मुख्य
- सहायक

u= संरचनाको आधार
- सरल
- जटिल

घ. पूर्णताको आधार
- पूर्ण
- अपूर्ण

ङ वाक्यात्मक आधार
- अकर्मक
- सकर्मक

च. भूमिकामूलक आधार
- मुख्य
- सहायक

छ. कालिक आधार
- पूर्वकालिक
- उत्तरकालिक

### १.२.३.२ अविकारी

जुन पदहरूको रूपायन हुँदैन अर्थात् रूप परिवर्तन हुँदैन ती अविकारी पदवर्ग भित्र पर्दछन् । अविकारीलाई अव्यय पनि भनिन्छ । अविकारी शब्दलाई क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी पाँच प्रकारमा विभाजन गर्न सकिन्छ ।

### १.२.३.२.१ क्रियायोगी

क्रियाको विशेषता बुझाउँने वा तिनका अर्थमा केही थप्ने शब्दलाई क्रियायोगी भनिन्छ । किन, कहिले, कहाँ, कसरी, के गरी र कति प्रश्नको उत्तरमा आउने शब्दलाई क्रियायोगी भनिन्छ । क्रियायोगीलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ :

| | | |
|---|---|---|
| क. | समयवाचक | आज, भोलि, विहान आदि । |
| ख. | स्थानवाचक | भित्र, बाहिर आदि । |
| ग. | रीतिवाचक | राम्ररी, बेसरी आदि । |
| घ. | परिणामवाचक | धेरै, थोरै, अलिकति आदि । |
| ङ. | परिस्थितिवाचक | गरेकोमा, जानु पर्नेमा आदि । |
| च. | आवृत्तिवाचक | एकपल्ट, दुइ चोटि आदि । |

| | | |
|---|---|---|
| छ. | अनुकरणवाचक | खुत्रुक्क, ढकमक्क, चट्ट आदि । |
| ज. | क्रियान्तरवाचक | हेरी, सुनी, खाई आदि । |
| झ. | कारणवाचक | बस्न, पढ्न आदि (लम्साल र अन्य, २०६५:३२) । |

### १.२.३.२.२ नामयोगी

नामिक शब्द (नाम, सर्वनाम, विशेषण) का पछाडि जोडिएर प्रयोग गरिने र शब्दहरूका बीचमा सम्बन्ध गाँस्ने अव्यय शब्दलाई नामयोगी भनिन्छ । नामयोगी सम्बन्धवाचक अव्यय हो । ( बराल र एटम, २०६६:३०) ।

नामयोगीलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :

| | | |
|---|---|---|
| क. | समयवाचक | पहिले, अघि, पछि, आदि । |
| ख. | स्थानवाचक | माथि, मुनि, भित्र, वर आदि । |
| ग. | रीतिवाचक | समान, झैं, जस्तै, भन्दा आदि । |
| घ. | अवधिवाचक | मात्र, केवल, सम्म, मध्ये आदि । |
| ङ. | दिशावाचक | तर्फ, तिर, सामुन्ने आदि । |
| च. | अभाववाचक | बाहेक, विना, सिवाय आदि । |
| छ. | सहार्थवाचक | सँग, सहित, समेत आदि । |
| ज. | हेतुवाचक | निम्नि, लागि, खातिर आदि (लम्साल र अन्य, २०६५:३२) |

### १.२.३.२.३ संयोजक

दुई वा दुई भन्दा बढी पद, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्ययलाई संयोजक भनिन्छ (अवस्थी र अन्य, २०६६:३३)ý जस्तैः र, अथवा, किनभने आदि ।

संयोजकलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :

संयोजक
- → सापेक्ष संयोजक (जुन-जुन, जब-तब आदि)
- → निरपेक्ष (र, अनि, तर वा आदि)

### १.२.३.२.४ विस्मयादिबोधक

विभिन्न अवस्थामा मानिसका मनमा उब्जने संवेग (आश्चर्य, खुसी, दुःख, घृणा, प्रसंसा आदि) लाई जनाउन प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिबोधक शब्द भनिन्छ (बराल र एटम, २०६६:३२) ।

विस्मयादिबोधक शब्दलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

| | | |
|---|---|---|
| क. | हर्ष/प्रशंसावाचक | अहा ! स्यावास ! धन्यवाद आदि । |
| ख. | शोकवाचक | हाय !, कठै ! आदि । |
| ग. | आश्चर्यवाचक | ओहो !, ल !, आम्मै ! आदि । |
| घ. | घृणावाचक | छि !, धत् !, थुक्क ! आदि । |
| ङ. | पीडाबोधक | ऐया !, उफ !, आत्थु ! आदि । |
| च. | सम्बोधनवाचक | ए !, हे !, ओ ! आदि । |
| छ. | उपहासवाचक | आहा !, हिहि !, आदि । |
| ज. | अपशोचवाचक | ज्या ! आदि । |
| झ. | अनुभूतिवाचक | ए !, अँ !, ओ ! आदि (भट्टराई, २०६२ : ५३, ५४) |

### १.२.३.२.५ निपात

आफ्नो खास अर्थ नहुने तर वाक्यमा विभन्नि धारणा, अनुभूति र अभिव्यक्तिलाई सहज ढंगले प्रकट गर्न सहयोग पुऱ्याउने तथा अर्थमा बल र भिन्नता समेत ल्याउन सक्ने अव्यय शब्दलाई निपात भनिन्छ (बराल र एटम,२०६६:३४) । जस्तै : अरे, नाई, नि, है, पो आदि ।

'स्नातकोत्तर तह प्रथम वर्षको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन' शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्द मध्ये यस शोधपत्रमा तत्सम शब्दको मात्र अध्ययन गरिने छ । यस शोधपत्र तयार गर्नुपूर्व स्नातकोत्तर तह प्रथम वर्षको निबन्ध विधामा तत्सम शब्दहरूको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ । यस शोधपत्र स्नातकोत्तर तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक वर्गलाई लक्षित गरी तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ को प्रयोजनार्थ तयार गरिने छ ।

## १.३ समस्याकथन

स्नातकोत्तर तह प्रथम वर्षको पाठ्यांश नेपाशि ५९८ को नेपाली पुस्तकका कथा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरू सम्बन्धी समस्याहरूलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क. स्नातकोत्तर तह प्रथम वर्षको पाठ्यांश नेपाशि ५९८ को नेपाली पुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरू के-कस्ता रहेका छन् ?

ख. ती निबन्धमा रहेका तत्सम शब्दहरूको निर्माण वा बनोट कस्तो छ ?

ग. ती निबन्धमा तत्सम शब्दहरूको सङ्ख्यात्मक अवस्था कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन निम्न उद्देश्यमा केन्द्रित रहेका छ :

क. स्नातकोत्तर तह प्रथम वर्षको नेपाशि ५९८ को नेपाली गद्य र नाटकअन्तर्गत निबन्ध विधामा रहेका तत्सम शब्दहरू पत्ता लगाउनु,

ख. उक्त निबन्धहरूमा रहेका तत्सम शब्दहरूको निर्माण वा बनोट प्रक्रिया पत्ता लगाउनु,

ग. निबन्धका तत्सम शब्दहरूको सङ्ख्यात्मक अवस्था पत्ता लगाउनु ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको निबन्ध विधामध्ये कला र जीवन, एब्स्ट««याक्ट चिन्तन प्याज, डरको छायामा रोबोटको जन्म, केही राष्टि«य रोग : एक अनुसन्धान, नमस्ते, इतिहासको पदचाप, समय, वरुणको रगत प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा मात्र केन्द्रित छ । यस शोधकार्यमा उक्त पाठ्यपुस्तक भित्रका ८ वटा निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको मात्र अध्ययन गरिनेछ ।

## १.६ अध्ययनको औचित्य र महŒव

यस शोधकार्यमा स्नातकोत्तर प्रथम वर्षको नेपाली पुस्तकको निबन्ध विधामा समाविष्ट तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिने छ । यस शोधपत्रमा स्नातकोत्तर तह प्रथम वर्षको निबन्ध विधामा के -कति तत्सम शब्दहरूको प्रयोग भएको छ, ती शब्दहरूको निर्माण प्रक्रिया कस्तो छ, ती शब्दहरू कुन शब्दवर्गका रहेका छन् र ती तत्सम शब्दहरू कति आवृत्त भएका छन् भन्ने कुराको खोजी गरिएको छ । स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन/विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

तत्सम शब्द भन्नाले संस्कृतबाट रूप परिवर्तन नभई जस्ताको त्यस्तै नेपाली भाषामा आएका शब्द भन्ने बुझिन्छ । नेपाली भाषामा तत्सम शब्दहरूले सोझै पनि अर्थ प्रदान गर्ने र वाक्य निर्माणमा पनि केन्द्रीय भूमिका निर्वाह गर्ने हुनाले यस्ता शब्दको अध्ययन अनुसन्धान

सामाग्रीलाई ज्यादै सतर्कता र सचेतता अपनाई विद्यार्थीहरूको उमेर, स्तर, रुचि र क्षमता आदि पक्षहरूलाई विचार गरी पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखकहरूले उपयोगमा ल्याउनु पर्ने भएकाले तत्सम शब्दको महत्व अझ बढी रहेको देखिन्छ । स्नातकोत्तर तहमा भएका निबन्धहरूमा भएका तत्सम शब्दहरूको प्रकृति पत्ता लगाउन, छनोट तथा अनुक्रम पहिल्याउन, भावी अनुसन्धानकर्तालाई अनुसन्धान गर्न थप सहयोग पुऱ्याउनका साथै यस तहमा अध्ययन गर्ने विद्यार्थीहरू, अध्यापन गर्ने शिक्षकहरू, पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखकहरू र अन्य सरोकारवालाहरूलाई सहयोग पुऱ्याउने हुँदा यो शोधकार्य महत्वपूर्ण रहेको छ ।

## १.७ पारिभाषिक शब्दहरू

| | |
|---|---|
| तत्सम : | संस्कृत भाषाबाट जस्तको तस्तै अर्थात् रूप नफेरिई नेपाली भाषामा आएका शब्दहरू |
| विशेषण : | नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्द |
| सर्वनाम : | नामको सट्टामा प्रयोग हुने शब्द |
| समास : | दुई शब्दहरू जोडिएर नयाँ शब्दको निर्माण हुने प्रक्रिया |
| प्रत्यय : | मूल शब्दको पछाडि लाग्ने, परसर्ग |

# अध्याय दुई :

# पूर्वकार्यको समीक्षा र धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धानहरू निम्नअनुसार रहेका छन् :

दाहाल, (२०६७), द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनले शिक्षाशास्त्र सङ्कायबाट शोधकार्य सम्पन्न भएको छ । उक्त अनुसन्धानमा निबन्ध विधामा प्रयोग भएका तत्सम शब्दलाई पदवर्गको आधारमा हेर्दा नाम, सर्वनाम, क्रिया, अव्ययमध्ये बढी नाम वर्गमा प्रयोग भएका र उक्त निबन्धहरूलाई संरचनाको दृष्टिले अध्ययन गर्दा उपयुक्त मान्न सकिने साथै सबै निबन्धका कठिन तत्सम शब्दहरूलाई शब्दार्थ स्तम्भमा राखिनुपर्ने निष्कर्ष निकालिएको छ ।

खड्का, (२०६७), द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधि हाँसिल गर्ने प्रयोजनका लागि शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएका तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठसंख्यासमेत उल्लेख गरिएको छ । कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकभित्र प्रयुक्त कथा विधामा रहेका तत्सम शब्दहरूको पदवर्ग भित्र नाम शब्द बढी प्रयोग भएको र त्यसपछि विशेषण शब्द बढी मात्रामा प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

यादव (२०७०)द्वारा **स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड.दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ को प्रयोजनका लागि तयार पारिएको देखिन्छ । निबन्ध विधामा प्रयोग भएका तत्सम शब्दलाई पदवर्गको आधारमा हेर्दा नाम, सर्वनाम, विशेषण, क्रिया, संयोजक मध्ये सबैभन्दा बढी नामवर्ग, त्यसपछि विशेषण वर्ग र नगण्य मात्रामा सर्वनाम, संयोजक र क्रियायोगी प्रयोग भएको देखाइएको छ ।

बस्नेत (२०७१), द्वारा **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अर्न्तगत एम.एड. दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिको प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र प्रयुक्त कथा

विधामा रहेका तत्सम शब्दहरूको शब्दवर्ग, व्युत्पत्ति, अर्थ र पाठ जस्ता कुरालाई उल्लेख गरिनुका साथै विद्यार्थीहरूलाई नयाँ ज्ञान दिनका लागि नयाँ र पटक पटक आवृत्तियुक्त हुने खालका तत्सम शब्द दिनाले विद्यार्थीको सिकाइलाई प्रभाव पार्ने निष्कर्ष निकालिएको छ ।

नेम्बाङ्ग (२०७१) द्वारा कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ को प्रयोजनका लागि शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा तत्सम शब्दहरूको शब्दवर्ग छुट्याउनका साथै निर्माण प्रक्रिया, अर्थ तथा पाठ पनि उल्लेख गरिनुका साथै कक्षा १० को नेपाली पाठ्यपुस्तकको तीनवटै ( कर्तव्य, दोषी चस्मा, न्याय पक्ष ) कथामा प्रयोग भएका सम्पूर्ण शब्दसंख्या मध्ये करिब एक चौथाइ भाग नदोहोरिएको शब्द आएका हुनाले विद्यार्थीहरूका लागि नौलौ हुनका साथै कठिनाइ समेत हुन सक्ने निष्कर्ष निकालिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

शब्दभण्डारका क्षेत्रमा धेरै अनुसन्धान भएका छन् तर स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन हालसम्म कसैले नगरेकोले यस शीर्षकमा अनुसन्धान गरिनु आवश्यक रहेको पुष्टि हुन्छ । यस अघि शान्ता दाहालले 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधमा कुन पाठमा कति तत्सम शब्दहरूको प्रयोग भएको छ, त्यसको जानकारी दिँदै ती शब्दहरूको शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, अर्थ र पृष्ठ सङ्ख्या उल्लेख गरिएको छ ।त्यसैगरी गोमाकुमारीले 'कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधकार्यमा तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरेकी छिन् । त्यसैगरी वैदनाथ यादवले 'स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उक्त शोधमा पदवर्गका आधारमा कुन पाठमा कति तत्सम शब्दहरू प्रयोग भएका छन् स्पष्ट देखाउँदै शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठसंख्या उल्लेख गरिएको छ ।

त्यस्तै नारायण बस्नेतले 'स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरेका छन् । उक्त शोधमा तत्सम शब्दहरूलाई वर्गका आधारमा छुट्याउनुका साथै कथा विधाभित्रका तत्सम शब्दहरू कुन पाठका हुन् र कति पृष्ठका हुन् भनेर पाठ र पृष्ठ समेत उल्लेख गरिएको छ । त्यस्तै गरी देवीमाया नेम्वाङ्ग 'कक्षा १० को

नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधकार्यमा शब्दवर्ग, बनोट प्रक्रिया र अर्थको उल्लेख गरिएको र पृष्ठ संख्या भने उल्लेख गरिएको छैन ।

माथि सम्पन्न गरिएका शोधकार्यमा कुनैमा तत्सम शब्दहरूको शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया, अर्थ, पृष्ठसङ्ख्या, पाठ, तत्सम शब्दहरूको आवृत्ति मध्ये कसैले शब्दवर्गलाई उपेक्षा गरेका छन् भने कसैले अर्थलाई, कसैले पृष्ठसङ्ख्या र पाठलाई त कसैले शब्दहरूको आवृत्तिलाई उपेक्षा गरेका छन् तर मेरो एम.एड प्रथम वर्षको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकको यो शोधपत्रमा तत्सम शब्दहरूको शब्दवर्ग, शब्द बनोट प्रक्रिया, अर्थ, पाठ, पृष्ठसंख्या र तत्सम शब्दहरूको आवृत्तिको स्थिति जस्ता पक्षहरू समावेश गरिनुका साथै कुन पाठमा कति तत्सम शब्दहरू प्रयुक्त छन्, त्यसको जानकारी पनि तालिकामा प्रस्तुत गरिने हुनाले यो नितान्त मौलिक शोधपत्र रहेको पुष्टि हुन्छ ।

यस शोधपत्रले एम.एड. प्रथम वर्षमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउँने छ । यसका साथै कुन पाठमा कति तत्सम शब्दको प्रयोग भएको छ, ती पाठहरू कुन तहका लागि उपयुक्त छ भन्ने कुराको जानकारीले पाठ्यक्रम निर्मातालाई र अन्य सरोकारवालालाई पनि आवश्यक सहयोग प्रदान गर्नेछ । अतः यो शोधपत्र नीतिगत रूपमा पठनपाठनका क्षेत्रमा, पाठ्क्रम निर्माण र पाठयपुस्तक लेखनका क्षेत्रमा कार्यान्वयन गर्न सकिएको छ ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस अनुसन्धान तयार गर्न यस पूर्वका अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूर्ण रूपमा तयार गर्न प्रा.डा. पारसमणि भण्डारीको 'नेपाली गद्य र नाटक' पुस्तक र 'नेपाली वृहत् शब्दकोश' लाई आधार मानिएको छ ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया

### ३.१. अध्ययनको संरचना

स्नातकोत्तर तह प्रथम वर्षको नेपाशि ५९८ नेपाली गद्य र नाटक शीर्षकको नेपाली पाठ्यपुस्तकमा समावेश भएका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको प्रकृति, बनोट प्रक्रिया, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ संख्या र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषणात्मक विधि अपनाइएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीका आधारमा मात्र सम्पन्न हुने गर्दछ । सामग्री संकलन गर्नका लागि जनसंख्याको रूपमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली गद्य र नाटक पुस्तकमा भएका निबन्ध विधामा प्रयुक्त सबै तत्सम शब्दहरूलाई लिइएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

यस अनुसन्धानमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकमा भएका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूलाई जनसंख्याको रूपमा लिइ, पुस्तकालयीय विधि अपनाई सामग्री सङ्कलन गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरू

यस शोधपत्रमा निम्न साधनहरूको प्रयोग गरिएको छ :

#### क. प्राथमिक स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतको रूपमा स्नातकोत्तर तह प्रथम वर्षको नेपाशि ५९८ 'नेपाली गद्य र नाटक' zLif{scGtu{tsf पारसमणि भण्डारीको पुस्तकलाई लिइएको छ ।

#### ख. द्वितीयक स्रोत

यस शोधपत्रको द्वितीयक स्रोतअन्तर्गत अप्रकाशित शोधपत्र, भाषाविज्ञानका पुस्तकहरू, शब्दकोश, शिक्षक सुझाव तथा निर्देशनलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । सामग्री संकलन गर्दा स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरू

सङ्कलन गरिएको छ । ती तत्सम शब्दहरू विश्लेषणका निम्ति नेपाली वृहत शब्दकोश र प्रयोगात्मक शब्दकोशको सहायताबाट सामग्री सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अनुसन्धानका क्रममा सङ्कलित तथ्याङ्कलाई विभिन्न विधिहरूको प्रयोग गरी व्याख्या विश्लेषण गर्नु पर्ने हुन्छ । यस शोधपत्रमा स्नातकोत्तर तहको प्रथम वर्षको 'नेपाली गद्य र नाटक' पुस्तकको निबन्ध विधामा प्रयोग भएका तत्सम शब्दहरू सङ्कलन गरी निगमन विधिको प्रयोग गरेर नेपाली बृहत शब्दकोश, टीकादत्त बराल (२०६८) को तत्सम नेपाली व्युत्पत्ति शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट सङ्कलित तत्सम शब्दहरूको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति र तत्सम शब्दहरूको अवस्थाको अध्ययन विश्लेषण गरिएको छ । उदाहरणार्थ :

**शब्द वर्ग व्युत्पत्ति अर्थ पाठ**

# अध्याय-चार :

# निर्धारित निबन्धका तत्सम शब्दहरूको विश्लेषण

## पाठ क. कला र जीवन

स्वच्छन्दतावादी आत्मपरक निबन्धकार लक्ष्मीप्रसाद देवकोटा ( वि.सं. १९६६–२०१६) को कला र जीवन निबन्ध लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) मा सङ्कलित दीर्घ आयाम भएको निबन्ध हो । वि.सं. १९९३ सालमा शारदा पत्रिकामा आषाढको पन्ध्र निबन्ध प्रकाशित गरेर निबन्ध लेखनको आरम्भ गरेका देवकोटाको प्रसिद्धिको क्षेत्र कवितापछिको निबन्ध हो ।

कला र जीवनसम्बन्धी गहन विषयलाई सुन्दर भाषाशैलीका माध्यमबाट यस कला र जीवन निबन्धमा व्यक्त गरिएको छ । वर्णनात्मकता र विश्लेषणात्मकताका साथ आत्मपरक शैलीमा लेखिएको तत्सम तथा आगन्तुक शब्द एवम् तद्भव शब्दको कसिलो संयोजन देखिन्छ । कला र जीवन निवन्धमा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, निर्माण प्रक्रिया, अर्थ निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या : १ कला र जीवन निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| कला | नाम | मूल शब्द | मान्छेको सिर्जनात्मक क्षमता व्यक्त गर्ने सीप |
| कल्पना | नाम | कल्प्+अन+आ | कुनै विषयमा उब्जने मनको भावना |
| सत्य | विशेषण | सत्+य | जस्तो छ त्यस्तो, साँचो,यथार्थ |
| सुन्दर | विषेशण | मूल शब्द | देख्दा राम्रो, आकर्षक, मनोरम |
| निरञ्जन | विषेशण | निर्+अञ्जन | दोष वा कलङ्क नभएको |
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि, जिन्दगी |
| निराकार | विशेषण | निर्+आकार | आकार नभएको, रूप नभएको |
| आकार | नाम | आ+कार | आकृति, रूप |
| इन्द्रियगोचर | विशेषण | इन्द्रिय+गोचर | इन्द्रियले संवेदना वा अनुभव गर्न सक्ने |
| स्फुरण | नाम | स्फुर्+अन | अकस्मात् मनमा प्रकट हुँदाको स्थिति |
| प्रेम | नाम | प्री+इम | एक व्यक्तिको अर्को व्यक्तिसँग स्वभाव, गुण, |

| | | | |
|---|---|---|---|
| | | | व्यवहार आदिले हुने आकर्षण |
| जीवात्मा | नाम | जीव+आत्मा | जीवको शरीरमा रहने प्राणत्व |
| अनन्त | विशेषण | अन्+अन्त | अन्त वा सीमा नभएको/असीमित |
| माया | नाम | मूल शब्द | प्रेम, प्रीति, प्यार |
| विलास | नाम | वि+लास | भौतिक वस्तुको सुख सुविधा र सम्पन्नताले प्राप्त हुने आनन्द |
| मूल | नाम | मूल शब्द | मुख्य, प्रधान |
| तŒव | नाम | तत्+त्व | कुनै वस्तुमा रहने गुण वा विशेषता/महŒवपूर्ण वस्तु |
| आनन्द | नाम | आ+नन्द | मनमा अनुभव हुने खुसी |
| दिव्य | विशेषण | दिव्+य | ईश्वरीय, स्वर्गीय |
| प्रतिभा | नाम | प्रति+भा | सिर्जनात्मक तथा कलात्मक क्षमता |
| विश्व | नाम | मूल शब्द | पृथ्वीको सम्पूर्ण भाग |
| रचना | नाम | रच्+अन+आ | निर्माण, रचना |
| अध्ययन | नाम | अधि+इ+अन | पढ्ने काम |
| चैतन्य | नाम | चेतना+य | प्राणीमा हुने चेतना शक्ति, अन्तदृष्टि, विवेक |
| सौन्दर्य | नाम | सुन्दर+य | सुन्दर हुने तŒव |
| साकार | विशेषण | स +आकार | आकार सहितको, आकृति भएको |
| परमेश्वर | नाम | परम+ईश्वर | परम ईश्वर, परमात्मा |
| पूर्णता | नाम | पूर्ण+ता | भरिएको अवस्था |
| ईश्वरीय | नाम | ईश्वर+ईय | ईश्वर सम्बन्धी |
| सत्यता | नाम | सत्य+ता | साँचोपन, सच्चाइ |
| रेखा | नाम | मूल शब्द | धर्को, डोरी |
| प्रकाशन | नाम | प्र+काश्+अन | प्रकाशनमा ल्याइने काम |
| चेत | नाम | चित्+अ | मानिसमा हुने भित्री चेतना |
| आभास | नाम | आ+भास | हो कि जस्तो लागेको अवस्था |
| विदित | विशेषण | विद्+इत | जानेको, थाहा पाएको |
| ग्राह्य | विशेषण | ग्रह्+य | लिन योग्य, ग्रहणीय |
| प्रथम | विशेषण | प्रथ+म | गन्ती गर्दा पहिलो |

| | | | |
|---|---|---|---|
| कलात्मक | विशेषण | कला+आत्मक | कलाले परिपूर्ण, कलाकौशलले युक्त |
| इन्द्रिय | नाम | इन्द्र+इय | ज्ञान वा संवेदनाका लागि प्रवृत्त हुने शारीरिक अवयव |
| दार्शनिक | नाम | दर्शन+इक | दर्शन जान्ने वा दर्शन पढेको व्यक्ति |
| त्रिकाल | नाम | त्रि+काल | तीन काल, दिनका तीन खण्ड |
| स्वरूप | नाम | स्व+रूप | कुनै वस्तु व्यक्ति, विषय आदिको आकार /रूपाकार |
| अन्वेषण | नाम | अनु+एष्+अन | लुकेछिपेका महŒवपूर्ण कुराहरूको खोजी, अध्ययन |
| सृष्टि | नाम | सृज्+ति | सृजना वा रचना गर्ने काम |
| अस्तित्व | नाम | अस्ति+त्व | कुनै वस्तु, व्यक्ति आदि छँदा वा रहँदाको स्थिति |
| दर्शन | नाम | दृश्+अन | जीवन जगत्लाई आध्यात्मिक दृष्टिले गहन, चिन्तन गर्ने शास्त्र |
| विवेक | नाम | वि+विच्+अ | ठीक–बेठीक छुट्याउन सक्ने गुण |
| काल्पनिक | विशेषण | कल्पना+इक | कल्पना गरिएको, कल्पनासँग सम्बन्धित |
| निर्भर | विशेषण | निर्+भर | आश्रयमा रहेको, भरोसामा परेको |
| यन्त्र | नाम | मूल शब्द | शक्ति पैदा भएर चल्ने मेसिन |
| मानव | नाम | मनु+अ | मान्छे, मानिस |
| यान्त्रिक | विशेषण | यन्त्र+ इक | यन्त्रबाट चल्ने, यन्त्रसम्बन्धी |
| गणित | नाम | गण्+इत | गणना वा हिसाबसँग सम्बन्धित शास्त्र |
| सूत्र | नाम | मूल शब्द | व्याकरण, गणित, विज्ञान आदिको आधारभूत नियम, फर्मुला |
| चित्रकारी | नाम | चित्रकार+ई | चित्र बनाउने शिल्प, चित्रकला |
| अनुकरण | नाम | अनु+कृ+अन | कुनै विषय, विचार वा कार्यको नक्कल, अनुसरण |
| अलंकार | नाम | अलम्+कार | साहित्यमा सौन्दर्य बढाउने काम |
| चन्द्रोदय | नाम | चन्द्र+उदय | चन्द्रमाको उदय, चन्द्रमा उदायको अवसर |
| श्लोक | नाम | मूल शब्द | छन्दमा रचिएको रचना |
| नवीन | विशेषण | नव+ईन | नयाँ, नौलो |
| शैली | नाम | शील+ई | कुनै कार्य वा गतिविधिको ढाँचा |

| | | | |
|---|---|---|---|
| मौलिकता | नाम | मौलिकता | मौलिक कुरामा हुने गुण वा नयाँपन |
| प्राकृतिक | विशेषण | प्रकृति+इक | प्रकृति सम्बन्धी, प्रकृतिको |
| प्रभाव | नाम | प्र+भाव | अरुमा पर्ने असर |
| उत्पत्ति | नाम | उत्+पत्ति | प्रकट हुने वा निस्कने कार्य |
| मनुष्य | नाम | मनु+य | मान्छे, मानव |
| पशु | नाम | मूल शब्द | चारखुट्टा र पुच्छर समेत हुने प्राणी, चौपाया |
| जड | विशेषण | मूल शब्द | मुख्य तŒव, मुख्य कारण, निष्प्राण |
| आध्यात्मिक | विशेषण | अध्यात्म+इक | अध्यात्मसँग सम्बन्धित, आत्मासम्बन्धी |
| प्रकृति | नाम | प्र+कृति | आफैँ बनेको वस्तु, प्राकृत वस्तु |
| सम्पन्न | विशेषण | सम्+पद्+न | सम्पत्ति प्रशस्त भएको, धनी, समृद्ध |
| कलाकार | नाम | कला+कार | कलाकृति निर्माण गर्ने व्यक्ति |
| शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता ; सामार्थ्य |
| वस्तु | नाम | मूल शब्द | पृथ्वी वा ग्रहमा पाइने जुनसुकै पदार्थ; भौतिक अस्तित्व वा अलग पहिचान भएको कुनै चिज |
| सूक्ष्म | विशेषण | सूष्+म | आँखाले देख्न गाह्रो हुने, अत्यन्त सानो |
| पाशविक | विशेषण | पशु+इक | पशु सम्बन्धी, पशुको |
| अनुभूति | नाम | अनु+भूति | इन्द्रियहरूद्वारा ग्रहण गरिने संवेदना, अनुभव |
| भावुक | विशेषण | भू+उक | कोमल मन भएको, सुकुमार हृदयको |
| स्पन्दन | नाम | स्पन्द्+अन | हल्लने काम, कम्पन, स्फुरण |
| सन्तुष्टि | विशेषण | सम्+तुष्टि | सन्तुष्ट भएको अवस्था, सन्तोष |
| सन्तोष | नाम | सम्+तोष | सुविधाको उपयोग वा उपभोग गरेर हुने खुसी |
| आकृति | नाम | आ+कृति | कुनै वस्तु वा व्यक्तिको आकार, स्वरूप |
| सङ्गति | नाम | सम्+गति | सुहाउँदो स्थिति, सिलसिला |
| चित्त | नाम | मूल शब्द | मन, हृदय |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान |
| जगत् | नाम | मूल शब्द | संसार , विश्व, दुनिया |
| आत्मा | नाम | मूल शब्द | शरीरलाई जीवित राख्ने विश्वास गरिएको अदृश्य मूल तत्व |
| अग्राह्य | विशेषण | अ+ग्राह्य | ग्रहण गर्न नहुने, अस्वीकार्य |

| | | | |
|---|---|---|---|
| रूप | नाम | मूल शब्द | कुनै वस्तु, व्यक्ति आदिको स्वरूप;आकृति, आकार |
| रङ्ग | नाम | मूल शब्द | रमाइलो नाचगान, महफिल |
| रस | नाम | रस्+अ | आनन्द, विशिष्ट भाव |
| नैसर्गिक | विशेषण | निसर्ग+इक | सहज ढङ्गको स्वाभाविक, प्राकृतिक |
| प्राथमिक | विशेषण | प्रथम+इक | आरम्भको, सुरुको |
| महिमा | नाम | महत्+इमा | प्रभावशाली स्थिति, प्रशंसा |
| उपकार | नाम | उप+कार | अर्काको हित हुने काम, भलाइ |
| सङ्केत | नाम | सम्+केत | चिह्न, चिनो |
| आह्वान | नाम | आ+ह्वान | बोलाउने काम, बोलावट |
| प्रेरणा | नाम | प्रेर्+अन+आ | कसैलाई कुनै कार्य गर्न प्रवृत्त पार्ने तथा उत्साह दिने काम |
| अविदित | विशेषण | अ+विदित | थाहा नपाएको, अज्ञात |
| श्रव्य | विशेषण | श्रु+य | सुन्न सकिने, सुनिने |
| अन्तर्ध्वनि | नाम | अन्तर्+ध्वनि | भित्री आवाज, आत्माको आवाज |
| सीमा | नाम | मूल शब्द | आचार तथा व्यवहारको क्षेत्र वा मर्यादा, सिमाना |
| परिचय | नाम | परि+चय | कुनै वस्तु, व्यक्ति आदिको पहिचान, चिनारी |
| अपरिचित | विशेषण | अ+परिचित | चिनजान नभएको, नचिनेको |
| राज्य | नाम | राज्+य | राज गरिने क्षेत्र, देश, राष्ट्र |
| निहित | विशेषण | नि+हित | भित्र रहेको तथा भएको, अन्तर्निहित |
| गूढ | विशेषण | मूल शब्द | गहिरो, गम्भीर, भित्री |
| नव | विशेषण | मूल शब्द | नयाँ, नौलो, नवीन |
| प्राप्ति | नाम | प्र+आप्+ति | कुनै वस्तु प्राप्त गर्ने काम वा प्रक्रिया, उपलब्धि |
| चतुर | विशेषण | मूल शब्द | चतुरो, बाठो, चलाख |
| वृक्ष | नाम | मूल शब्द | रुख |
| छाया | नाम | मूल शब्द | प्रतिबिम्ब, ओझेल |
| प्रकाश | नाम | प्र+काश | उज्यालो पार्ने तŒव, उज्यालो |
| अन्धकार | नाम | अन्ध+कार | प्रकाशको अभाव, अँध्यारो |
| आकाश | नाम | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ |
| प्रबन्ध | नाम | प्र+बन्ध | बन्दोबस्त, चाँजोपाँजो |

| | | | |
|---|---|---|---|
| भक्त | नाम | भज्+त | ईश्वरप्रति आस्था राख्ने व्यक्ति, श्रद्धालु |
| बाह्य | विशेषण | बहिः+य | बाहिरको, बाहिरी |
| वनकर | नाम | वन+कर | वनमा बस्ने बाँदर आदि जन्तु; वनचर |
| हृदय | नाम | हृत्+अय | मुटु, मन, अन्तस्करण |
| अत्याचार | नाम | अति+आचार | ऐन कानुनको सीमा नाघेर गरिने दुराचार |
| चिर | विशेषण | मूल शब्द | धेरै समय सम्मको, लामो समयको |
| अवलोकन | नाम | अव+लोक्+अन | कुनै स्थान, वस्तु, घटना वा विषयलाई सरसर्ती हेर्ने काम |
| युग | नाम | मूल शब्द | पुराण अनुसार ज्यादै लामो समयावधिलाई जनाउने शब्द |
| सन्देश | नाम | सम्+देश | कसैलाई पठाइएको विशेष खबर, समाचार |
| आवरण | नाम | आ+वरण | कुनै कुरालाई ढाक्ने वा छोप्ने वस्तु, बाहिरी भाग |
| सहानुभूति | नाम | सह+अनुभूति | अरुको दुःख देख्दा दुखित हुने अवस्था |
| तारा | नाम | तार+आ | रातमा आकाशमा देखिने उज्यालो पिण्ड |
| अन्तष्करण | नाम | अन्तस् +करण | मन, हृदय,आत्मा,विवेक |
| कवि | नाम | कु+इ/कवृ+इ | कविता,काव्य आदिको सृजना गर्ने व्यक्ति |
| मिहीन | विशेषण | मूल शब्द | ज्यादै मसिनो , नरम |
| सूत | विशेषण | सू +त | जन्मेको, पैदा भएको |
| शैशव | विशेषण | शिशु+अ | शिशु सम्बन्धी, बाल्यावस्था सम्बन्धी |
| सजीव | विशेषण | स +जीव | प्राण भएको, जीवित |
| सहवास | नाम | सह+वास | निकट सम्पर्क, हिमचिम |
| सम्भाषण | नाम | सम्+भाषण | संवाद, कुराकानी |
| पशुपति | नाम | पशु+पति | महादेव, काठ्माडौंको द्यौपाटनमा वाग्मतीको पश्चिम किनारमा रहेको भगवान शिवको प्रसिद्ध |
| जल | नाम | मूल शब्द | पानी, देवता,पितृ आदिलाई चढाउने पानी |
| पाश्चात्य | विशेषण | पश्चात्+य | पश्चिम दिशातिरको, पश्चिमको |
| सभ्यता | नाम | सभा +य +ता | सभ्य व्यक्तिमा हुने गुण, शिष्टता |
| निश्चय | नाम | निस् +चय | दुबिधा नभएको स्थिति, निधो |
| साहित्य | नाम | स +हित+य | विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति |

| | | | |
|---|---|---|---|
| सूर्य | नाम | मूल शब्द | रापिलो र तापिलो विशाल ग्रह |
| वाणी | नाम | मूल शब्द | बोली |
| पुस्तक | नाम | पुस्त्+अक | लिखित वा मुद्रित पाठ्य सामग्री, किताब |
| पदार्थ | नाम | पद+अर्थ | ढुङ्गो, माटो, काठ, धातु आदि भौतिक वस्तु, खनिज तत्व |
| पुत्र | नाम | मूल शब्द | पुरुष, सन्तान, छोरो |
| मूक | विशेषण | मूल शब्द | बोल्न नसक्ने, बोली नभएको |
| सुगन्धी | विशेषण | सुगन्ध+ई | सुगन्धित |
| शब्द | नाम | मूल शब्द | एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ, पद |
| गुञ्जायमान | विशेषण | गुञ्ज+(आय) + मान | गुञ्जन भइरहेको , गुञ्जिरहेको |
| चमत्कार | नाम | चमत्+कार | देख्दा सुन्दा छक्क लाग्ने काम वा विषय, आश्चर्य |
| आश्रय | नाम | आ+श्रय | आड, आधार, सहारा |
| शान्ति | नाम | शम्+ति | हल्ला नहुँदाको स्थिति, सुनसान अवस्था |
| शय्या | नाम | शीय्+आ | सुत्ने ठाउँ, ओछ्यान |
| दैनिक | विशेषण | दिन+इक | दिनसँग सम्बन्धित, प्रत्येक दिनको |
| माधुर्य | नाम | मधुर+य | मधुर वस्तुमा हुने गुण; मधुरता, मिठास |
| प्रकाश | नाम | प्र+काश | उज्यालो पार्ने तŒव, उज्यालो, ज्योति |
| मधुर<br>कर्कशता | विशेषण<br>नाम | मूल शब्द<br>कर्कश+ता | मिठो, गुलियो, मधुमय<br>रुखोपन, कठोरता |
| विहार | नाम | वि+हार | खुला ठाउँ, वन, बगैचा, वाटिका आदिमा गरिने घुमफिर |
| घनिष्ठ | विशेषण | घन+इष्ठ | सबभन्दा नजिकको |
| विरोधी | विशेषण | विरोध+ई | कसैको कार्य वा विचारको विरोध गर्ने |

| | | | |
|---|---|---|---|
| विपक्ष | नाम | वि+पक्ष | विरोधी पक्ष |
| दूरता | नाम | दूर+ता | टाढाको स्थिति, दूरी |
| अवस्था | नाम | अव+स्था | कुनै कार्य वा घटना आदिको स्थिति |
| सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम, |
| वैमनस्य | नाम | वि+मनस् +य | मनको खिन्नता, शत्रुता |
| निर्देशन | नाम | निर्+दिश्+अन | निर्देशन गर्ने काम |
| गुण | नाम | मूल शब्द | कुनै व्यक्ति वा वस्तुमा हुने विशेषता<br>सत्य कुरो |
| यथार्थ | विशेषण | यथा+अर्थ | वास्तविक स्थिति |
| आस्वादन | नाम | आ+स्वद्+अन | कुनै खाद्य वस्तुलाई चाख्ने काम, चखाइ |
| केन्द्र | नाम | मूल शब्द | कुनै वस्तुको मध्यभाग, मध्यविन्दु |
| स्मृति | नाम | स्मृ+ति | सम्झना, स्मरण |
| तत्सम्बन्धी | विशेषण | तत्+सम्बन्धी | त्यससँग सम्बन्धित |
| ज्ञान | नाम | ज्ञा+न | कुनै कुरा वा विषयवस्तुको बोध |
| भेद | नाम | मूल शब्द | भिन्नता, फरक, प्रकार |
| क्षण | नाम | मूल शब्द | छिन, समयको ज्यादै सानो अंश |
| अनुग्रह | नाम | अनु+ग्रह | ठूलाबडाले सानालाई गरेको उपकार |
| प्रकृत | विशेषण | प्र+कृत | प्रकृतिसँग सम्बन्धित, यथार्थ |
| अचेत | विशेषण | अ+चेत | चेत नभएको |
| परिपक्वता | नाम | परिपक्व+ता | प्रौढपना |
| क्षेत्र | नाम | मूल शब्द | विषय  वा भूगोलले समेटेको ठाउँ |
| आविष्कार | नाम | आविस् +कार | नयाँ  वस्तु वा सि4ान्तको खोजी गरी प्रकाशमा ल्याउने काम |
| यान्त्रिकता | नाम | यान्त्रिक+ता | यन्त्र जस्तै जड भएर काम गर्ने प्रवृत्ति |
| आधिक्य | नाम | अधिक+य | प्रशस्त भएको स्थिति, मनग्य |

| | | | |
|---|---|---|---|
| चातुरी | विशेषण | चातुर+ई | चतुरता, चलाखी |
| नवीनता | नाम | नवीन+ता | नयाँपन, नौलोपन |
| कल्पद्रुम | नाम | कल्प+द्रुम | कल्पवृक्ष, चाहेको कुरा दिने वृक्ष |
| तृप्ति | नाम | तृप्+ति | अघाएको अवस्था, सन्तुष्टि |
| अस्त | विशेषण | मूल शब्द | चन्द्रमा अस्ताएको |
| उदय | नाम | उत्+इ+अ | उदाउने काम |
| पृथ्वी | नाम | पृथु+ई | अन्य विभिन्न जीवजन्तु रहेको सौरमण्डलको एक ग्रह |
| उमङ्ग | नाम | मूल शब्द | काममा लाग्दाको जोस, उत्साह |
| उच्छ्वास | नाम | उत्+श्वास | फोक्सोबाट बाहिर निस्कने श्वास पीडा वा वेदनाले निस्कने लामो सास |
| नीति | नाम | नी+ति | कुनै कार्य गर्नका लागि निर्धारण गरिएको नियम |
| सम्बन्धविच्छेद | नाम | सम्बन्ध+ विच्छेद | विवाहको सम्बन्ध तोड्ने काम |

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'कला र जीवन' निबन्धमा ३११२ शब्दहरू प्रयोग भएका छन्  जसमध्ये १९७ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ६.३३ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका छन् ।

## पाठ ख : एब्स्ट्रयाक्ट चिन्तन प्याज

पूर्वीय र पाश्चात्य साहित्य दर्शनको अध्ययनबाट प्राप्त चिन्तनलाई नयाँ शैलीका साथ निबन्धमा प्रस्तुत गर्ने निबन्धकार शङ्कर लामिछाने ( वि.सं.१९८४–२०३२) को 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्ध शीर्षककै सङ्ग्रह (२०२४) मा सङ्कलित निबन्ध हो । विविध विषयलाई प्याजको गन्धसँग दाँजेर जीवन सम्बन्धी अमूर्त चिन्तनलाई प्रस्तुत गरिएकाले शीर्षक र

विषयवस्तुका बीचमा तालमेल देखिन्छ । छोटा वाक्य आगन्तुक शब्द संयोजन, कलात्मक, वाक्यात्मकता, संवादात्मकता यसका भाषाशैलीमा देखिने विशिष्टता हुन् ।

**तालिका संख्या : २ एब्स्ट्रयाक्ट चिन्तन प्याज निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| दृष्टि | नाम | दृश्+अति | हेर्ने काम, हेराइ,अवलोकन |
| चिन्तन | नाम | चिन्त्+अन | कुनै विषयमा गम्भीर रूपमा सोच्ने काम, मनन |
| कला | नाम | मूल शब्द | मान्छेको सिर्जनात्मक क्षमता व्यक्त गर्ने सीप |
| विकास | नाम | वि+कास | कुनै व्यक्ति, समाज वा संस्थाको भौतिक, मानसिक, बौद्धिक आदि दृष्टिले उन्नति;आधुनिकीकरण |
| अनेक | विशेषण | अन्+एक | एकभन्दा बढी, धेरै, थुप्रै |
| विजयादशमी | नाम | विजया+दशमी | नौरथाको दसौँ दिन, दशैँको टिका लगाइने मुख्य दिन |
| व्यक्तित्व | नाम | व्यक्ति+त्व | खास व्यक्तिमा हुने विशिष्टता |
| स्वयं | सर्वनाम | मूल शब्द | आफू, आफू नै |
| संघर्ष | नाम | सम्+घर्ष | कठोर परिश्रम, हन्डर, ठक्कर |
| किमार्थ | क्रियायोगी | किम्+अर्थ | कसै गरे पनि, कुनै हालतमा पनि |
| शताब्दी | नाम | शत+अब्द+ई | सय वर्षको अवधि |
| बुद्धिजीवी | नाम | बुद्धि+जीवी | बुद्धिको काम गरी जीविका गर्ने तथा बौद्धिक काम गर्ने व्यक्ति |

| | | | |
|---|---|---|---|
| मध्यवित्त | विशेषण | मध्य+वित्त | आर्थिक दृष्टिले मध्यम खालको, मध्यम वर्गको |
| विवाहित | विशेषण | विवाह+इत | विवाह गरिएको, बिहा भएको |
| दत्तचित्त | विशेषण | मूल शब्द | कुनै विषयमा गहिरिएर ध्यान लगाएको , एकाग्र |
| चिन्तित | विशेषण | चिन्त्+इत | चिन्ता लागेको, पिर परेको |
| सन्तान | नाम | सम्+तान | छोराछोरी, नातिनातिना |
| गौरव | नाम | गुरु + अ | गुरुत्व, महŒव, सम्मान |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान |
| ग्रहण | नाम | ग्रह्+अन | लिने काम, स्वीकार |
| गर्भिणी | नाम | गर्भ+इनी | गर्भवती |
| प्रेम | नाम | प्री+इम | प्रीति, प्यार, आत्मीयता |
| एकादशी | नाम | एकादश+ई | प्रत्येक शुक्ल र कृष्ण पक्षको एघारौँ तिथि |
| प्रयोग | नाम | प्र+योग | कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम |
| तŒव | नाम | तत्+त्व | सुन, चाँदी, अक्सिजन,हावा आदि पदार्थ |
| प्रयास | नाम | प्र+यास | कोसिस, प्रयत्न |
| उपलब्ध | विशेषण | उप+लब्ध | प्राप्त, हासिल भएको |
| चित्रण | नाम | चित्र+अन | चित्र उतार्ने काम, चित्र बनाउने कार्य |
| भाषण | नाम | भाष्+अन | कुनै विषयमा दिइने लामो प्रवचन |
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि, जिन्दगी |
| प्रातःकाल | नाम | प्रातः+काल | बिहानको समय, बिहान |

| | | | |
|---|---|---|---|
| प्रारम्भ | नाम | प्र+आरम्भ | कामको आरम्भ, थालनी |
| मध्यान्ह | नाम | मध्य+अन्ह | दिनको बीचको भाग, मध्यदिन |
| सन्ध्या | नाम | सम्+ध्या | बिहान र साँझको समय, दिन र रातको सन्धि |
| मृत्यु | नाम | मृ+त्यु | मर्ने क्रिया, मरण, निधन |
| इतिहास | नाम | इति+ह+आस | कुनै देश, जाति, संस्था आदिको उत्पति र विकासको कथा |
| भविष्य | नाम | भू+इ+स्य | वर्तमान भन्दा पछिको समय, आगामी बेला |
| रेखाङ्कन | नाम | रेखा+अङ्कन | रेखा वा धर्को तान्ने काम |
| वर्तमान | विशेषण | वृत्+मान | अहिले वा चलिरहेको |
| मूल्याङ्कन | नाम | मूल्य+अङ्कन | कुनै वस्तु, सामान, जमिन, कार्य वा गतिविधिको मूल्य तथा महत्व तोक्ने काम |
| आस्था | नाम | आ+स्था | विश्वास, भरोसा तथा श्रद्धा |
| विश्वास | नाम | वि+श्वस्+अ | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति |
| इच्छा | नाम | इच्छ्+आ | कुनै कुराको प्राप्ति वा विनाशका लागि मनमा उठ्ने चाहना, अपेक्षा |
| आकांक्षा | नाम | आ+काङ्क्षा | इच्छा, चाहना, अभिलाषा |
| गृहिणी | नाम | गृह+इनी | घरकी मालिक्नी, पत्नी |
| उद्गार | नाम | उत्+गार | हर्ष, शोक आदि मनका भावहरू प्रकट गर्ने काम |
| घृणित | विशेषण | घृणा+इत | घृणा गरिएको, निन्दित |

| | | | |
|---|---|---|---|
| मौनता | नाम | मौन+ता | मौन हुँदाका अवस्था, नबोली बसेको स्थिति |
| दुर्गन्ध | नाम | दुर्+गन्ध | कुनै वस्तु सड्दा वा गल्दा आउने गन्ध, खराब गन्ध |
| भावना | नाम | भाव्+अन+आ | मनमा उत्पन्न हुने कल्पना ; अनुभूति |
| लोभ | नाम | लुभ्+अ | अरुको सम्पति लिने चाहना, कन्जुस्यनइँ |
| प्रत्येक | विशेषण | प्रति+एक | हरेक, प्रति एक |
| जागरुक | विशेषण | जागृ+ऊक | आफ्नो काम, कर्तव्य वा आइपर्ने चुनौतीप्रति सचेत हुने, होसियार |
| मस्तिष्क | नाम | मस्त+इष्+क | दिमाग, मगज, विचार गर्ने शक्ति |
| भगवान् | नाम | भग+वान् | ईश्वर, परमात्मा, देवता |
| संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग, विश्व |
| छल | नाम | मूल शब्द | झुक्याइने काम, कपट, बहाना |
| कपट | नाम | मूल शब्द | खराब विचार, खराब नियत |
| हत्या | नाम | हन्+य+आ | कसैलाई मार्ने काम, कसैको वध |
| अन्धविश्वास | नाम | अन्ध+विश्वास | विनासोचविचारको विश्वास |
| भक्ति | नाम | भज्+ति | ईश्वरप्रतिको आस्था वा विश्वास |
| श्रद्धा | नाम | श्रत्+धा | देवीदेवता वा मान्यजन प्रतिको आस्था |

| | | | |
|---|---|---|---|
| धर्म | नाम | मूल शब्द | मानिआएको परम्परागत विश्वास |
| प्रतिद्वन्द्वी | विशेषण | प्रति+द्वन्द्व+ई | परस्पर भिड्न तम्सने, विरोधी |
| छन्दोबद्ध | विशेषण | छन्दः + बद्ध | छन्दमा रचिएको, छन्दका नियमको पालना भएको |
| स्तुति | नाम | स्तु+ति | देवीदेवताको प्रार्थना, भजन |
| करुणनिधान | विशेषण | करुणा+निधान | करुणाले भरिएको, दयालु |
| मनुष्यत्व | नाम | मनुष्य+त्व | मानवता |
| अमानवीय | विशेषण | अ+मानवीय | मानवसँग सम्बन्धित नभएको, मानवेतर |
| अत्याचार | नाम | अति+आचार | दुराचार, थिचोमिचो,अन्याय |
| परिधि | नाम | परि+धि | कुनै वस्तु, ठाउँ आदिले लिने क्षेत्र वा त्यसको चौतर्फी घेरो , चौघेरो |
| भूत | विशेषण | भू+त | भएको, बितेको, विगत |
| पञ्चमुखी | विशेषण | पञ्च+मुखी | पाँच मुख भएको |
| लिङ्ग | नाम | मूल शब्द | लिङ्ग जस्तो आकारको भगवान्, शिवको प्रतिमा |
| अज्ञात | विशेषण | अ+ज्ञात | नजानेको, नबुझेको, थाहा नभएको |
| निर्मित | विशेषण | निर्+मित | बनाइएको, निर्माण भएको |
| अदृश्य | विशेषण | अ+दृश्य | बाहिर नदेखिने, अप्रत्यक्ष |
| अनन्त | विशेषण | अन्+अन्त | अन्त वा सीमा नभएको, असीमित |

| | | | |
|---|---|---|---|
| अव्यक्त | विशेषण | अ+व्यक्त | व्यक्त नगरिएको, अप्रकट |
| वातावरण | नाम | वात+आवर | वरिपरिको परिवेश, सेरोफेरो |
| विभिन्नता | नाम | विभिन्न+ता | भिन्न भिन्न हुने स्थिति, अलगपन |
| विराट | विशेषण | वि+राट् | ज्यादै ठूलो, विस्तृत |
| महाकाव्य | नाम | महा+काव्य | प्रायः प्रसिद्ध कथामा आधारित, बृहत् काव्य |
| ऐतिहासिक | विशेषण | इतिहास +इक | इतिहाससँग सम्बन्धित, इतिहासमा पाइने |
| सञ्चित | विशेषण | सम्+चि+त | सञ्चय गरिएको, जम्मा गरिएको |
| चित्र | नाम | मूल शब्द | लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति |
| काव्य | नाम | कवि+य | कविको रचना वा कृति |

शङ्कर लामिछानेद्वारा लिखित 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्धमा १३६८ शब्दहरू प्रयोग भएका छन् । जसमध्ये ८७ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ७.३५ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका प्रयोग भएका छन् ।

## पाठ ग. डरको छायामा रोबोटको जन्म

नेपाली साहित्यमा निजात्मक निबन्धकारका रूपमा प्रसिद्ध निबन्धकार कृष्णचन्द्र सिंह प्रधान (१९८२ काठमाडौं) ले डरको छायामा रोबोटको जन्म निबन्ध 'पाइला आगतमा टेकेर' ( २०४७) निबन्ध सङ्ग्रहमा सङ्कलित छ ।

आत्मकथात्मक पद्धति अँगालेर लेखिएको यस निबन्धमा अमूर्त कुरा डरलाई मुख्य विषयवस्तु बनाएर डरका कारण मान्छे मनुष्यत्व हराएको अर्थहीन र रोबोटको रूपमा बाँच्न विवश भएको अवस्थालाई प्रस्तुत गरिएको छ । सरल वाक्य गठन, शब्द चयनमा सहजता, काव्यात्मकता, तद्भव, तत्सम र आगन्तुक शब्दको प्रयोग पाइने प्रस्तुत निबन्धमा निबन्धकारले वर्णनात्मक शैली अँगालेका छन् ।

**तालिका संख्या ३ : डरको छायामा रोबोटको जन्म निबन्धमा तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| अमूर्त | विशेषण | अ+मूर्त | मूर्त नभएको, आकार विनाको |
| अनुहार | नाम | अनु+हार | मुख, चेहरा |
| समारोह | नाम | सम्+आरोह | खास अवसरमा गरिने विशेष कार्यक्रम |
| मेला | नाम | मिल्+आ | उत्सव, चाड आदिमा हुने मानिसहरूको जमघट |
| निःशब्द | विशेषण | निस् +शब्द | आवाज नभएको, सुनसान |
| इतिहास | नाम | इति+ह+आस | कुनै देश, जाति, संस्था आदिको उत्पति र विकासको कथा |
| गोत्र | नाम | मूल शब्द | खास विशिष्ट व्यक्तिको नामबाट चलेको कुल वा पुर्ख्यौली |
| वातावरण | नाम | वात+आवरण | आफू वरिपरिको परिवेश |
| शून्य | नाम | शूना+य | केही नभएको, रित्तो, खाली |
| अवस्थिति | नाम | अव+स्थिति | कुनै स्थान वा वातावरणको वर्तमान अवस्था |
| आभास | नाम | आ+भास | हो कि जस्तो लागेको भान |
| सशंकित | विशेषण | स +शङ्का+इत | शङ्का भएको, सतर्क, भयभीत |
| अव्यक्त | विशेषण | अ+व्यक्त | व्यक्त नगरिएको, अप्रकट |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर प्राप्त ज्ञान |

| | | | |
|---|---|---|---|
| सन्त्रास | नाम | सम्+त्रास | ठूलो त्रास, खतराको आशङ्काबाट हुने हडबड |
| मित्र | नाम | मि+त्र | साथी, दौंतरी |
| रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता, बिमार |
| स्वस्थ | विशेषण | स्व+स्थ | शारीरिक, मानसिक रूपमा कुनै रोग नभएको, निरोगी |
| अनुभूति | नाम | अनु+भूति | इन्द्रियहरूद्वारा ग्रहण गरिने संवेदना, महसुस |
| सन्त | नाम | मूल शब्द | साधु, असल चरित्रको |
| अज्ञानी | विशेषण | अ+ज्ञानी | ज्ञान नभएको, अबुझ |
| टिप्पणी | नाम | टिप्पण+ई | कुनै व्यक्ति वा विषयका बारेमा गरिएको छोटो समीक्षा वा विवेचना |
| उक्ति | नाम | वच्+ति | कसैको भनाइ, कथन, अभिव्यक्ति |
| व्याप्त | विशेषण | वि+आप्+ति क | फैलिएको, फिँजिएको |
| प्रहार | नाम | प्र+हार | केहीले हिर्काउने काम |
| मृत्यु | नाम | मृ+यु | मर्ने क्रिया, मरण |
| भयानक | विशेषण | भय+आनक | डरलाग्दो, भयङ्कर |
| निराकार | विशेषण | निर्+आकार | आकार नभएको, रूप नदेखिने |
| शिर | नाम | मूल शब्द | सबैभन्दा माथिल्लो भाग |
| शरीर | नाम | मूल शब्द | देह, अङ्गप्रत्यङ्ग |
| आत्मा | नाम | मूल शब्द | अदृश्य मूल तŒव |
| शाश्वत | विशेषण | मूल शब्द | सधैँभरि रहने, अकाट्य |

| | | | |
|---|---|---|---|
| अन्त्य | नाम | मूल शब्द | आखिर, पुछार, पछिल्लो छेउ |
| सन्दर्भ | नाम | सम्+दर्भ | कुनै विषय, विचार आदिको प्रसङ्ग |
| अर्थ | नाम | मूल शब्द | कुनै शब्दले सङ्केत गर्ने मतलब वा माने |
| अन्ततः | क्रियायोगी | अन्त+तः | अन्त्यमा, आखिरमा |
| समाप्त | विशेषण | सम्+आप्त | पूरा भएको, पूर्ण, पूरा |
| वस्तु | नाम | मूल शब्द | पृथ्वी वा ग्रहमा पाइने जुनसुकै पदाथ |
| बोध | नाम | बुध्+ति | सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता |
| भय | नाम | भी+अ | आपत् वा सङ्कटले मनमा हुने शङ्का |
| शेष | विशेषण | शिष्+अ | बचेको, बाँकी रहेको |
| आशंका | नाम | आ+शङ्का | खराब कुरा हो कि भन्ने शङ्का, सन्देह |
| भयभीत | विशेषण | भय+भीत | डरले आकुल, अत्यन्त डराएको |
| सत्यता | नाम | सत्य+ता | साँचोपन, सच्चाइ |
| निष्कर्ष | नाम | निस् +कर्ष | सार |
| अशिक्षित | विशेषण | अ+शिक्षित | शिक्षा नपाएको, नपढेको, अनपढ |
| कातर | विशेषण | मूल शब्द | कुनै गतिविधि, घटना आदिको सामना गर्न डराउने |
| शूरवीर | विशेषण | शूर+वीर | सुरो र बहादुर , साहसी |
| शूरता | नाम | शूर+ता | सुरा हुँदाको अवस्था, सुरोपन |
| वीरता | नाम | वीर+ता | वीरमा हुने गुण वा विशेषता, साहस |

| | | | |
|---|---|---|---|
| व्यापक | विशेषण | वि+आप्+अक | सबैतिर ढाकेर रहेको, फराकिलो |
| कठोर | विशेषण | मूल शब्द | काम गर्न असजिलो, कडा |
| आश्चर्य | नाम | मूल शब्द | कुनै नयाँ, अनौठो कुरा देख्दा लाग्ने अचम्म, छक्क |
| निष्ठुरता | नाम | निष्ठुर+ता | निर्दयता, कठोरता |
| अशिक्षा | नाम | अ+शिक्षा | शिक्षा नभएको स्थिति, निरक्षरता |
| अबोधता | नाम | अबोध+ता | जानकारी नभएको स्थिति, अज्ञान |
| विश्वास | नाम | वि+श्वास् | पत्यार वा भरोसा |
| विनष्ट | विशेषण | वि+नष्ट | नाश भएको, बिग्रेको |
| रोमाञ्चित | +विशेषण | रोमाञ्च+इत | रोमाञ्च उत्पन्न भएको, मुग्ध |
| मन्दिर | नाम | मूल शब्द | देवीदेवताको घर, देवालय |
| क्षेप्यास्त्र | नाम | क्षेप्य+अस्त्र | हुत्याएर चलाइने अस्त्र, टाढैबाट प्रहार गरिने अस्त्र |
| देवालय | नाम | देव+आलय | देवताको मन्दिर |
| पुस्तकालय | नाम | पुस्तक+आलय | पुस्तक घर |
| महाभारत | नाम | महा+भारत | कौरव र पाण्डवका बीच चलेको १८ दिनसम्मको भयानक युद्ध |
| महायुद्ध | नाम | महा+युद्ध | भयानक युद्ध |
| प्रभाव | नाम | प्र+भाव | कुनै व्यक्ति, वस्तु, वातावरण आदिको गुण वा दोषको अरुमा पर्ने असर वा छाप |
| प्रेरणा | नाम | प्रेर्+अन+आ | हौसला, उत्साह |

| | | | |
|---|---|---|---|
| युद्ध | नाम | युध्+त | दुई देश वा जातिका बीच हुने ठूलो भिडन्त |
| देश | नाम | मूल शब्द | राज्य, राष्ट्र, मुलुक |
| निरन्तर | विशेषण | निर+अन्तर | कुनै गति नटुटेको, अटुट |
| विरोध | नाम | वि+रोध | असहमति, प्रतिकूल दृष्टिकोण |
| प्रतिशोध | नाम | प्रति+शोध | बदला, प्रतिकार |
| धर्मयुद्ध | नाम | धर्म+युद्ध | धर्मपूर्वक गरिने युद्ध |
| शिक्षा | नाम | शिक्ष+आ | प्राप्त हुने ज्ञान वा सीप, सिकाइ |
| उपनाम | नाम | उप+नाम | बोलाउने नाम |
| आरोपित | विशेषण | आरोप+इत | दोष वा अभियोग लगाइएको |
| मानसिकता | नाम | मानसिक +ता | मनको अवस्था, मनस्थिति |
| हितैषी | विशेषण | हित+इष्+ई | हित चाहने |
| आतंकित | विशेषण | आतङ्क+इत | भय र त्रासबाट आकुल |
| संस्कार | नाम | सम्+कार | आफ्नो परम्परा तथा संस्कृति अनुकूलको परिष्कार ; विधिपूर्वक परिष्कार |
| उत्पादित | विशेषण | उत्+पाद्+इत | उत्पादन गरिएको |
| निर्मित | विशेषण | निर्+मित | बनाइएको, निर्माण भएको |
| विकसित | विशेषण | विकास+इत | विकास भएको, उन्नति–प्रगति भएको |
| जन्तु | नाम | मूल शब्द | जनावर |
| यथावत् | विशेषण | यथा+वत् | पहिले जस्तो थियो त्यस्तो |

| | | | |
|---|---|---|---|
| क्रियाकर्म | नाम | क्रिया+कर्म | मरेका मान्छेको अन्त्येष्टि कर्म, काजक्रिया |
| उत्सव | नाम | उत्+सव | कुनै विशेष अवसरमा हुने खुसियाली |
| सहज | विशेषण | सह+ज | सरल, सजिलो |
| सामान्य | विशेषण | समान+य | साधारण, खास गुण वा विशेषता नभएको |
| भाषण | नाम | भाष्+अन | कुनै विषयमा दिइने लामो प्रवचन |
| रजतजयन्ती | नाम | रजत+जयन्ती | पच्चिसौँ वार्षिकोत्सव |
| पुस्तक | नाम | मूल शब्द | पढ्ने तथा पढाइने लिखित तथा मुद्रित पाठ्यसामाग्री, किताब |
| विमोचन | नाम | वि+मोचन | पहिलो पटक प्रकाशित भएको कृतिलाई सार्वजनिक गर्ने काम |
| अन्तर्राष्ट्रिय | विशेषण | अन्तर+राष्ट्रिय | अन्तर्राष्ट्रिय |
| सम्मेलन | नाम | सम्+मिल्+अन | एकै ठाउँमा जम्मा हुने काम |
| दक्षता | नाम | दक्ष+ता | विशेष सक्षमता |
| दिनचर्या | नाम | दिन+चर्या | दिनभरि गरिने कामकाज, दैनिक जीवन |
| अन्तर्गत | नामयोगी | मूल शब्द | अधीनमा, मातहतमा |
| अङ्ग | नाम | मूल शब्द | शरीरको भाग, शरीरको अवयव |
| प्रेषित | विशेषण | प्रेष्+इत | प्रेषण गरिएको, पठाइएको |
| असामान्य | विशेषण | अ+सामान्य | सामान्य नभएको, सामान्यभन्दा भिन्न स्थितिको |

| | | | |
|---|---|---|---|
| घटना | नाम | घटन+आ | अकस्मात् भएको कुनै गतिविधि |
| उत्पादन | नाम | उत्+पाद+अन | उब्जने वा उत्पन्न गर्ने कार्य |
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि |
| असंगति | नाम | अ+सङ्गति | तालमेल वा सिलसिला नमिल्दाको अवस्था |
| स्वाभाविक | विशेषण | स्वभाव+इक | स्वभावले हुने, स्वभाव अनुसारको |
| प्रक्रिया | नाम | प्र+क्रिया | कुनै घटनाका लागि हुने परिवर्तनको शृङ्खला |
| विभेद | नाम | वि+भेद | फरक, अन्तर |
| भ्रम | नाम | मूल शब्द | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति |
| विरुद्ध | नाम | वि+रुद्ध | कसैको विचार, मत आदिको विरोध, असहमति |
| जित | नाम | मूल शब्द | जितेको, वशमा पारिएको |
| हार | नाम | मूल शब्द | खेल, होड, युद्ध आदिमा हुने पराजय |
| सत्य | विशेषण | मूल शब्द | जस्तो छ त्यस्तो, साँचो |
| परास्त | विशेषण | पर+अस्त | कसैबाट हारेको वा हराइएको |
| स्थिति | नाम | स्था+ति | खास ठाउँ वा समयमा कुनै वस्तु, व्यक्ति आदि रहेको तथा भएको अवस्था |
| भूत | विशेषण | भू+त | बितेको, विगत |
| कल्पना | नाम | कल्प्+अन+आ | कुनै विषयमा उब्जने मनको भावना |
| मन | नाम | मूल शब्द | चित्त, हृदय, अन्तस्करण |
| ईश्वर | नाम | मूल शब्द | परमेश्वर, परमात्मा, भगवान् |

| | | | |
|---|---|---|---|
| शक्तिमान | विशेषण | शक्ति+मान् | शक्तिशाली |
| आतङ्कित | विशेषण | आतङ्क+इत | भय र त्रासबाट आकुल |
| सामान्य | विशेषण | समान+य | विशिष्ट गुण वा विशेषता नभएको, साधारण |
| बोध | नाम | मूल शब्द | बुझ्ने काम वा त्यस्तो क्षमता |
| अव्यक्त | विशेषण | अ+व्यक्त | व्यक्त नगरिएको, नदेखिएको |
| अनभिज्ञ | विशेषण | अन्+अभिज्ञ | नजान्ने, नबुझ्ने, ज्ञान नभएको |
| दुष्प्रभाव | नाम | दुस्+प्रभाव | खराब प्रभाव, गलत असर, |
| भाग्यवादी | विशेषण | भाग्यवाद+ई | भाग्यमा विश्वास गर्ने, भाग्यवादको अनुयायी |
| आस्था | नाम | आ+स्था | ईश्वरप्रति विश्वास, भरोसा तथा श्रद्धा |
| विश्वास | नाम | वि+श्वास | पत्यार वा भरोसा |
| भूतात्मा | नाम | भूत+आत्मा | मरेका मान्छेको आत्मा, मृतात्मा, प्रेतात्मा |
| सृष्टि | नाम | सृज्+ति | सृजना वा रचना गर्ने काम |
| मूर्ख | नाम | मूल शब्द | बुद्धि नभएको, ज्ञान नभएको |
| क्रूर | विशेषण | मूल शब्द | कठोर हृदयको, निर्दयी, निष्ठुर |
| धैर्य | नाम | धीर+य | विपत्ति तथा सङ्कट पर्दा नआत्तिने गुण, स्थिरता |
| साहस | नाम | मूल शब्द | कठिन काम गर्न सक्ने क्षमता, आँट, हिम्मत |
| शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता;सामार्थ्य |
| सम्मुख | नामयोगी | सम्+मुख | सामुन्ने, मुखेन्जी, सामु |

| | | | |
|---|---|---|---|
| अशुभ | विशेषण | अ+शुभ | शुभ नभएको, भलो नहुने |
| सुन्दर | विशेषण | मूल शब्द | देख्दा राम्रो, आकर्षक |
| भविष्य | नाम | भू+(इ)+स्य | वर्तमानभन्दा पछिको समय, आगामी बेला |
| परिकल्पना | नाम | परि+कल्पना | पूर्व कल्पना, कल्पित चित्र |
| चित्र | नाम | मूल शब्द | लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति |
| आकाश | नाम | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ |
| रेखा | नाम | मूल शब्द | धर्सो, धर्को, डोरो |
| इच्छा | नाम | मूल शब्द | कुनै कुराको प्राप्ति वा विनाशका लागि मनमा उठ्ने चाहना |
| पुरुषार्थ | नाम | पुरुष+अर्थ | पुरुषमा हुने विशेषता, पुरुषत्व |
| यात्रा | नाम | या+त्र+आ | एक ठाउँबाट अर्को ठाउँ सम्म पुग्ने, भ्रमण |
| आरम्भ | नाम | आ+रम्भ | कुनै कार्यको थालनी, सुरुवात |

कृष्णचन्द्र सिंह प्रधानद्वारा लिखित 'डरको छायामा रोबोटको जन्म' निबन्धमा २१०३ शब्दहरू प्रयोग भएका छन् । तीमध्ये १५० वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ७.१३ प्रतिशत तत्सम शब्दहरू यस निबन्धमा प्रयोग भएका प्रयोग भएका देखिन्छन् ।

## पाठ घ. केही राष्ट्रिय रोग : एक अनुसन्धान

नेपाली साहित्यको निबन्ध फँटका मूर्धन्य हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल ( वि.सं. १९९३–२०३३) ले 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्ध लेखेका हुन् । पूर्वीय र पश्चिमी सभ्यताको मिश्रणले ल्याएका विषमताको उछितो काँड्ने काम यिनका निबन्धले गरेका छन् । निबन्धकारले राष्ट्रमा देखापरेका विभिन्न विकृतिलाई खोजबिन गरेर तिनले राष्ट्रिय रूपमा स्थान प्राप्त गरिसकेका र रोगका रूपमा फैंलिदै र झाङ्गिँदै गएको कुरालाई निबन्धमा प्रस्तुत गरेकाले

शीर्षक र विषय वस्तुका बीचमा सामञ्जस्य देखिन्छ । चमत्कारपूर्ण व्यङ्ग्यात्मक शैली, आनुप्रासिक अभिव्यक्ति, आलङ्कारिकता, रोचकता प्रस्तुत निबन्धका शैलीगत वैशिष्ट्य हुन् ।

**तालिका संख्या ४: केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| आकर्षण | नाम | आ+कृष्+अन | कसैलाई आफूतिर खिच्न वा तान्न सक्ने स्थिति |
| प्रकाशन | नाम | प्र+काश्+अन | प्रकाशमा ल्याउने काम, प्रकटन गर्ने काम |
| भूतपूर्व | विशेषण | भूत+पूर्व | पहिले भएको, विगतको |
| मन्त्री | नाम | मन्त्र+ई | मन्त्रालयको प्रमुख |
| सङ्ख्या | नाम | सम्+ख्या | गणना गर्दाको परिणाम, अङ्क |
| स्नातक | नाम | स्ना+तक | कुनै विश्वविद्यालयबाट स्नातकसरहको उपाधि प्राप्त गरेको व्यक्ति |
| दिन | नाम | मूल शब्द | सूर्यको उदय भएदेखि अस्त नहोउन्जेलको अवधि |
| भव्य | विशेषण | भू+य | आकर्षक, उत्तम, विशाल |
| रोग | नाम | रुज्+अ | शरीरमा हुने अस्वस्थता, बिमार |
| गन्ध | नाम | मूल शब्द | नाकले थाहा पाउने बास्ना, सुगन्ध वा दुर्गन्ध |
| श्राद्ध | नाम | श्रद्धा+अ | बाबुआमा, पुर्खा, आफन्त आदि मरेका तिथिमा उनीहरूको सम्झनामा गरिने कर्म, सराद |
| सामूहिक | विशेषण | समूह+इक | समूहको, समूहसम्बन्धी |

| | | | |
|---|---|---|---|
| प्रतीक्षारत | विशेषण | प्रतीक्षा+रत | प्रतीक्षा गर्दै रहेको, प्रतीक्षामा संलग्न |
| महŒवपूर्ण | विशेषण | महŒव+पूर्ण | विशेष महत्व भएको |
| कार्यभार | नाम | कार्य+भार | कुनै पदमा रहेका व्यक्तिको जिम्मेवारी वा उसलाई तोकिएको अभिभारा |
| विद्या | नाम | विद्+य+आ | सुनेर र पढेर प्राप्त हुने ज्ञान |
| भ्रमण | नाम | भ्रम्+अन | घुमफिर वा डुलफिर गर्ने काम |
| चमत्कार | नाम | चमत्+कार | आश्चर्य, अचम्म |
| रहस्य | नाम | रहस् +य | बुझ्न कठिन हुने भित्री कुरो, गोप्य कुरो |
| पुस्तक | नाम | मूल शब्द | लिखित वा मुद्रित सामग्री |
| पदार्थ | नाम | पद+अर्थ | ढुङ्गो, माटो, काठ, धातु आदि भौतिक वस्तु |
| स्वतः | क्रियायोगी | स्व+तः | आफैं, स्वयम् नै |
| आयुर्वेद | नाम | आयुस् +वेद | आयु सम्बन्धी विद्या, भारत उपमहाद्वीपमा प्राचीन कालदेखि प्रचलित चिकित्सा पद्धति |
| आविष्कार | नाम | आविस् +कार | वस्तु वा सिद्धान्तको खोजी गरी प्रकाशमा ल्याउने काम |
| आधुनिक | विशेषण | अधुना+इक | अहिलेको, वर्तमानको |
| अनुसन्धान | नाम | अनु+सन्धान | कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम |
| परम्परा | नाम | परम्+परा | धेरै पहिलेदेखि चलिआएको प्रचलन |
| अधिकार | नाम | अधि+कार | हक, स्वामित्व |
| हस्तक्षेप | नाम | हस्त+क्षेप | कसैको कार्यमा गरिने दखल, अवरोध वा वाधा |

| | | | |
|---|---|---|---|
| इष्टमित्र | नाम | इष्ट+मित्र | हित चाहने व्यक्ति, हितैषी |
| बान्धव | नाम | बन्धु+अ | एकै गोत्र वा थरका दाजुभाइ, बन्धुवर्ग |
| हितैषी | विशेषण | हित+इष्+ई | हित चाहने, |
| दृष्टिकोण | नाम | दृष्टि+कोण | सोचाइको पारा |
| मरणोपरान्त | क्रियायोगी | मरण+उपरान्त | मरेपछि, मृत्यु पश्चात् |
| निश्चित | विशेषण | निस् +चित | निश्चय भएको, निधो गरिएको |
| दिव्य | विशेषण | दिव्+य | देवतासँग सम्बन्धित, ईश्वरीय |
| भाव | नाम | भू+अ | कुनै कथन, रचना आदिको मुख्य अभिप्राय, तात्पर्य, आशय |
| प्रभाव | नाम | प्र+भाव | अरुमा पर्ने असर वा प्रभाव |
| निश्कर्ष | नाम | निस् +कर्ष | कुनै छलफल, अभिव्यक्ति, अध्ययन आदिको सार, निचोड |
| राष्ट्रिय | विशेषण | राष्ट्र+इय | राष्ट्र सम्बन्धी, राष्ट्रको |
| महारोग | नाम | महा+रोग | निको हुन कठिन रोग, दीर्घ रोग |
| देश | नाम | मूल शब्द | राज्य, मुलुक |
| स्वस्थ | विशेषण | स्व+स्थ | शारीरिक, मानसिक रूपमा कुनै रोग नभएको, निरोगी |
| भूमिका | नाम | भूमि+क+आ | कुनै पुस्तकको विषयवस्तु सुरु हुनुभन्दा पहिले त्यस पुस्तकबारे लेखिएको परिचयात्मक लेख;वक्तव्य |
| रोगी | नाम | रोग+ई | रोग लागेको मान्छे, बिरामी |

| | | | |
|---|---|---|---|
| विचित्र | विशेषण | वि+चित्र | धेरै किसिमको रङ्ग वा रूप भएको, रङ्गीचङ्गी |
| कटु | विशेषण | मूल शब्द | रुखो, कर्कश, कडा |
| प्रारम्भिक | विशेषण | प्रारम्भ+इक | कुनै कामको शुरु भएको बेलाको, थालनीको |
| लक्षण | नाम | लक्ष+अन | कुनै वस्तुलाई चिन्ने आधार वा विशेषता |
| उपचार | नाम | उप+चार | कुनै रोगबाट छुटकाराका निम्ति गर्ने उपाय, इलाज |
| बुद्धिजीवी | नाम | बुद्धि+जीवी | बुद्धिको काम गरी जीविका गर्ने तथा बौद्धिक काम गर्ने व्यक्ति |
| सम्मान | नाम | सम्+मान | कसैलाई गरिने विशेष आदर, इज्जत |
| प्रवेश | नाम | प्र+विश् | कोठा वा घरभित्र पस्ने तथा भित्रिने काम |
| अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो, पुछारको, अन्त्यको |
| सर्वाङ्ग | नाम | सर्व+अङ्ग | शरीरको सबै अङ्ग, सम्पूर्ण शरीर |
| कुप्रभाव | नाम | कु+प्रभाव | खराब प्रभाव |
| राजनैतिक | विशेषण | राजनीति+क | राजनीति सम्बन्धी |
| दु:ख | नाम | दुस् +ख | शारीरिक वा मानसिक पीडा, कष्ट |
| शान्त | विशेषण | शम्+त | शान्ति भएको, सुनसान, सन्नाटा छाएको |
| सम्बन्धित | विशेषण | सम्बन्ध+इत | सम्बन्ध भएको, सम्बद्ध, आबद्ध |
| प्रमुख | विशेषण | प्र+मुख | कुनै कार्य वा गतिविधिको मुख्य भूमिका वा नेतृत्व लिने |

| | | | |
|---|---|---|---|
| लक्षण | नाम | लक्ष्+अन | कुनै वस्तुलाई चिन्ने आधार वा विशेषता |
| अनुमान | नाम | अनु+मान | यस्तो उस्तो होला वा यति उति होला भनी गरिने अन्दाज, अड्कन |
| शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता, सामर्थ्य, बल |
| तर्क | नाम | मूल शब्द | कुनै कामलाई पुष्टि गर्नका लागि भनिने युक्तिपूर्ण कथन |
| क्षमता | नाम | क्षम+ता | कुनै काम गर्न सक्ने योग्यता, सामर्थ्य |
| सूची | नाम | सूच्+ई | कुनै विषय, घटना, सामान, ग्रन्थ आदिको क्रमबद्ध विवरण |
| नवग्रह | नाम | नव+ग्रह | नौ ग्रहको समूह |
| भाग्य | नाम | भज्+य | उन्नति–अवनति आदिको कारण मानिने दैवी विधान |
| सामान्य | विशेषण | समान+य | विशिष्ट गुण वा विशेषता नभएको, साधारण |
| असामान्य | विशेषण | अ+सामान्य | सामान्यभन्दा भिन्न स्थितिको |
| परिणत | विशेषण | परि+नत | एउटा वस्तु अर्को वस्तुमा बदलिएको, परिवर्तित |
| उत्खनन | नाम | उत्+खन्+अन | जमिनमुनि पुरिएका अवशेष खनेर निकाल्ने काम |

| | | | |
|---|---|---|---|
| शौचालय | नाम | शौच+आलय | दिशा, पिसाब आदि गर्ने ठाउँ |
| शिलान्यास | नाम | शिला+न्यास | घर, मन्दिर आदि बनाउँदा जगमा विधिपूर्वक ढुङ्गा, ईटा आदि राख्ने काम |
| अक्षर | नाम | अक्ष+र | वर्णमालाको वर्ण वा लिपि चिह्न, अच्छेर |
| भाषण | नाम | भाष्+अन | लामो व्याख्यान |
| वक्तव्य | नाम | वच्+तव्य | कुनै विषय वा समस्याबारे व्यक्ति वा संस्थाको तर्फबाट सार्वजनिक रूपमा भनिएको कुरो |
| प्रकाशित | विशेषण | प्रकाश्+इत | अँध्यारो हटाइएको, उज्यालो बनाइएको |
| शुभकामना | नाम | शुभ+कामना | अरुको भलाइको चाहना, शुभेच्छा |
| हस्ताक्षर | नाम | हस्त+अक्षर | आफैंले आफ्नो नाम लेख्ने काम, दस्तखत |
| अन्त्य | नाम | अन्त+य | आखिर, पुछार, पछिल्लो |
| व्यापक | विशेषण | वि+आप+अक | सबैतिर ढाकेर रहेको, फैलिएको |
| चर्चा | नाम | चर्च+आ | कुनै विषयमा गरिने छलफल, विचार–विमर्श |
| अधिकांश | विशेषण | अधिक+अंश | धेरैजसो, बहुसंख्यक |
| जनता | नाम | मूल शब्द | बासिन्दा, देशमा बस्ने मानिसहरूको समूह |
| अनुहार | नाम | अनु+हार | मुख, मुखमण्डल, चेहरा |
| अनुभवी | विशेषण | अनुभव+ई | अनुभव भएको, अनुभव प्राप्त |
| शिक्षित | विशेषण | शिक्षा+इत | शिक्षा प्राप्त गरेको |
| मुख्य | विशेषण | मुख+य | महŒवको, महŒवपूर्ण |

भैरव अर्यालद्वारा लिखित 'केही राष्ट्रिय रोग एक अनुसन्धान' निबन्धमा १२१६ शब्दहरू प्रयोग भएका छन् । तीमध्ये ९० वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ७.४० प्रतिशत तत्सम शब्दहरू यस निबन्धमा प्रयोग भएका प्रयोग भएका छन् ।

## पाठ ङ. नमस्ते

तारानाथ शर्माको 'नमस्ते' निबन्ध सङ्ग्रह मा सङ्कलित निबन्ध हो । वि.सं. २००८ सालमा 'साथी' पत्रिकामा 'इलाम' शीर्षकको लेख प्रकाशित गरी आफ्नो औपचारिक साहित्य यात्रा सुरु गरेका तारानाथ शर्माका 'नमस्ते' (२०१८) , 'बेलायततिर बरालिँदा'(२०२६) , 'जीवका छाल' (२०३०) , 'पातालप्रवास' (२०४२) , ' श्रद्धाका सुमन' (२०४४), 'आँसु छचल्किदै जान्छ' (२०५५), निबन्ध सङ्ग्रह प्रकाशित छन् ।

यस निबन्धमा अभिवादन गर्दा प्रयोग गरिने नमस्ते विभिन्न प्रकृतिका हुने उल्लेख गर्दै स्वार्थी नमस्तेको उपहास गरिएको छ । लेखकको एकालापीय कथनबाट रचिएको यस निबन्धमा प्रखर व्यङ्ग्य पाइन्छ । नेपाली समाजमा परम्परादेखि नै चल्दै आएको ढोगी प्रवृत्ति नमस्तेका विभिन्न प्रकार छन् र सबैभन्दा उत्तम नमस्ते मुसुक्क हाँस्नु हुने कुरा बताएका छन् । नमस्तेका विविध पक्षलाई कोट्याएर त्यसको विरोध गरिएकाले शीर्षक र विषयवस्तुका बीचमा सामञ्जस्य देखिन्छ ।

### तालिका ५: नमस्ते निबन्धमा प्रयुक्त तत्सम शब्द

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| नमस्ते | नाम | नमः+ते | नमस्कार |
| लेख | नाम | मूल शब्द | कुनै विषयमा लेखिएको रचना, लिखित अभिव्यक्ति |
| स्वार्थी | नाम | स्वार्थ+ई | आफ्नो लाभ वा भलाइ मात्र हेर्ने, मतलबी |
| शिक्षक | नाम | शिक्ष्+अक | शिक्षा दिने व्यक्ति, गुरु |

| | | | |
|---|---|---|---|
| परीक्षा | नाम | परि+ईक्षा | जाँच लिने तथा दिने काम वा त्यस्तो गतिविधि |
| चित्त | नाम | मूल शब्द | मन, हृदय |
| अभागी | विशेषण | अभाग+ई | भाग्य नभएको, भाग्य बिग्रिएको |
| दिन | नाम | मूल शब्द | दशा, अनिष्ट समय |
| ग्रह | नाम | मूल शब्द | सूर्य र यसको वरिपरि घुम्ने वृहस्पति, नव ग्रह |
| रोग | नाम | रुज्+अ | शरीरमा हुने अस्वस्थता |
| दुःख | नाम | दुस् +ख | शारीरिक वा मानसिक पीडा, कष्ट |
| नेता | नाम | नी+ता | कुनै दल, संस्था, समूह आदिलाई नेतृत्व दिने व्यक्ति, नाइके |
| बुद्धि | नाम | बुध्+ति | ज्ञान, बोध, समझ |
| अनेक | विशेषण | अन्+एक | एकभन्दा बढी, धेरै |
| विद्रोही | विशेषण | विद्रोह+ई | विद्रोह गर्ने, विरोधी |
| सज्जन | नाम | सत्+जन | असल व्यक्ति, भलादमी |
| प्रेम | नाम | प्री+इम | प्रीति, प्यार |
| विचार | नाम | वि+चार | कुनै विषय, समस्या आदिका बारेमा सोचिएको कुरो |
| स्वीकार | नाम | स्व+ई+कार | कसैले भनेको कुराको समर्थन, मन्जुरी |
| निद्रा | नाम | मूल शब्द | निदाएको स्थिति |
| घटना | नाम | घटन+आ | कुनै गतिविधि |

| | | | |
|---|---|---|---|
| समय | नाम | सम्+अय | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द; काल |
| साहित्य | नाम | स हित+य | विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति |
| सभा | नाम | मूल शब्द | प्रवचन वा भाषण सुन्न तथा छलफल, विचार विमर्श आदि गर्न भेला भएको जनसमूह |
| अनुहार | नाम | अनु+हार | मुख, मुख मण्डल, चेहरा |
| चरित्र | नाम | चर्+इत्र | कुनै व्यक्तिको आनीबानी, बानी बेहोरा |
| मूर्ति | नाम | मूर्+ति | प्राणी वा अन्य वस्तुको आकार, आकृति, प्रतिमा |
| प्रभु | नाम | प्र+भू | मानसम्मान गर्नुपर्ने व्यक्तिलाई भनिने शब्द, स्वामित |
| पीडा | नाम | पीड्+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द, वेदना |
| युग | नाम | मूल शब्द | पुराणअनुसार ज्यादै लामो समयावधि जनाउने शब्द, जुग |
| सामन्त | नाम | मूल शब्द | जमिनदार, मुखिया |
| चलन | नाम | चल्+अन | चलिरहेको स्थिति, चालचलन, रीति |
| भारतीय | विशेषण | भारत+ईय | भारत सम्बन्धी, भारतको |
| पुरोहित | नाम | पुरस् +हित | यजमानका घरमा गई यज्ञ, पाठपूजा, श्राद्ध आदि धार्मिक कार्य गराउने व्यक्ति, पुरेत |
| पण्डा | नाम | मूल शब्द | तीर्थ, मन्दिर आदिमा धार्मिक कार्य गराउने |

| | | | |
|---|---|---|---|
| | | | पुरोहित |
| स्वस्ति | नाम | सु+अस्ति | 'कल्याण होस' भनेर दिइने आशिर्वाद |
| प्रथा | नाम | प्रथ+आ | पहिलेदेखि चलिआएको रीति, चालचलन |
| देश | नाम | मूल+शब्द | राज्य, राष्ट्र, मुलुक |
| क्रान्ति | नाम | क्रम्+ति | आमूल परिवर्तन, ठूलो सामाजिक उथलपुथल |
| प्रेमी | नाम | प्रेम+ई | प्रेमिकालाई प्रेम गर्ने पुरुष, प्रियतम |
| प्रेमिका | नाम | प्रेम+इका | प्रेमीलाई प्रेम गर्ने स्त्री, प्रियतमा |
| स्वाद | नाम | मूल शब्द | जिब्राले स्पर्श गर्दा हुने मीठो वा नमिठोको अनुभव |
| माया | नाम | मूल शब्द | साथी, दौंतरी, प्रेमी, प्रेमिकाप्रति हुने आकर्षण , प्रेम |
| वैतरणी | नाम | वितरण+ई | पुराणअनुसार मृत्युपछि प्रेतात्मा यमपुरीतर्फ जाँदा बाटामा पर्ने पिप,रगत आदिले भरिएको विकट काल्पनिक नदी, ज्यादै कष्टदायी कर्म |
| क्रान्तिकारी | नाम | क्रान्ति+कारी | क्रान्ति गर्ने, विद्रोह गर्ने विद्रोही |
| विद्रोह | नाम | वि+द्रोह | कसैको कामकुराप्रति असन्तुष्ट भई गरिने उग्र विरोध वा असहयोग |
| लेख | नाम | लिख्+अ | कुनै विषयमा लेखिएको रचना, लिखित अभिव्यक्ति |

तारानाथ शर्माद्वारा लिखित 'नमस्ते' निबन्धमा १८२१ शब्दहरू प्रयोग भएका छन् जसमध्ये ४७ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने २.५८ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका प्रयोग भएका छन् ।

## पाठ च. इतिहासको पदचाप

नेपाली साहित्यका सफल नियात्राकार देवीचन्द्र श्रेष्ठ ( जन्म वि.सं. १९९५) को 'इतिहासको पदचाप' निबन्ध गोरखा जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् भौगोलिक पक्षलाई चित्रण गरी नेपाल निर्माणको आरम्भ भएको स्थान गोरखाको ऐतिहासिक महत्व र गौरवलाई प्रस्तुत गरिएको निबन्ध हो ।

यस निबन्धमा प्रवाहमय भाषाशैलीमा यात्राका दृश्यहरूलाई रोचक शैलीमा आकर्षक ढङ्गले चित्रण गरिएको छ । छोटा, छरिता वाक्य तथा झर्रा सरल र प्रचलित तत्सम शब्दको प्रयोग पाइने यस निबन्धको भाषाशैली सरल, आकर्षक र कलात्मक छ ।

**तालिका संख्या ६: इतिहासको पदचाप निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| इतिहास | नाम | इति+ह+आस | कुनै देश, जाति, संस्था आदिको उत्पत्ति र विकासको कथा |
| दिन | नाम | मूल शब्द | सूर्य उदायपछि नअस्ताएसम्मको समय वा अवधि |
| प्रचलित | विशेषण | प्र+चलित | चलन चल्तीमा आएको, चलिरहेको |
| शब्द | नाम | मूल शब्द | कोशीय अर्थ दिने एकाइ |
| भाषा | नाम | भाष्+आ | उच्चरित ध्वनि वा लेख्य चिह्नहरूको प्रयोग गरी समुदायमा विचार आदान प्रदान गरिने प्रचलित माध्यम |
| अर्थतन्त्र | नाम | अर्थ+तन्त्र | आर्थिक व्यवस्था वा प्रणाली; उत्पादन, |

| | | | |
|---|---|---|---|
| | | | अर्थव्यवस्था |
| प्रतीक | नाम | प्रती+क | खास वस्तु, विषय, दृश्य आदिलाई जनाउने अर्को वस्तु, चिनो |
| राजनैतिक | विशेषण | राजनीति+इक | राजनीतिक |
| दर्पण | नाम | मूल शब्द | ऐना |
| अध्येता | नाम | अधि+इ+ता | अध्ययन गर्ने व्यक्ति, अध्ययनकर्ता |
| समय | नाम | सम्+अय | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द; काल |
| रूप | नाम | मूल शब्द | स्वरूप; आकृति, आकार |
| जल | नाम | मूल शब्द | देवता, पितृ आदिलाई चढाउने चाखो पानी |
| प्रवाह | नाम | प्र+वाह | पानीको धार, बहने काम वा प्रक्रिया |
| निरन्तर | विशेषण | निर्+अन्तर | कुनै गति नटुटेको, सधै |
| एकाकार | विशेषण | एका+आकार | समान आकार बनेको, एकै रूपमा देखिएको |
| प्रभात | नाम | प्र+भात | बिहान, प्रातःकाल |
| काल | नाम | मूल शब्द | समय, बेला |
| प्रसिद्ध | विशेषण | प्र+सिद्ध | सबैले जानेसुनेको, नाम चलेको, प्रख्यात |
| परिवहन | नाम | परि+वहन | कुनै वस्तुलाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने काम |
| योग्य | विशेषण | युज्+य | राम्रो सीप वा क्षमता भएको, सिपालु |
| यात्रु | नाम | यात्रा+उ | यात्री |

| | | | |
|---|---|---|---|
| यात्रा | नाम | या+त्र+आ | एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने वा आउने जाने काम, भ्रमण |
| जिज्ञासु | विशेषण | जिज्ञासा+उ | जान्न तथा बुझ्न खोज्ने, उत्सुक |
| हार्दिक | विशेषण | हृत्+इक | हृदयभित्रको, हृदयबाट आएको, मनको |
| प्रसन्नता | नाम | प्रसन्न+ता | प्रसन्न व्यक्तिमा हुने विशेषता, खुसी |
| भूमि | नाम | भू+मि | पृथ्वीको सतह, भुइँ, जमिन |
| राज्य | नाम | राज्+य | राज गरिने क्षेत्र, देश, राष्ट्र |
| महत्वपूर्ण | विशेषण | महŒव+पूर्ण | विशेष महŒव भएको |
| अधिकार | नाम | अधि+कार | हक, स्वामित्व |
| प्रथा | नाम | प्रथ्+आ | पहिलेदेखि चलिआएको रीति, चालचलन |
| सरल | विशेषण | सृ+अल | बाङ्गोटेढो नभएको, सोझो, सिधा |
| विजयादशमी | नाम | विजया+दशमी | नौरथाको दशौँ दिन, दसैँको टीका लगाइने मुख्य दिन |
| राजा | नाम | राज्+आ | राजतन्त्र भएका देशको राष्ट्र प्रमुख |
| प्रतिस्पर्धा | नाम | प्रति+स्पर्धा | कुनै योग्यता तथा क्षमताको काममा कसैलाई उछिन्ने होड, होडबाजी |
| शताब्दी | नाम | शत+अब्द+ई | सय वर्षको अवधि |
| चिकित्सालय | नाम | चिकित्सा+आलय | बिरामीको उपचार गर्ने घर, अस्पताल |
| वर्तमान | विशेषण | वृत+मान | अहिले भइरहेको वा चलिरहेको |
| अतीत | विशेषण | मूल शब्द | बितेको, व्यतीत, विगत |

| | | | |
|---|---|---|---|
| मन्दिर | नाम | मूल शब्द | देवी देवताको मूर्ति वा प्रतिमा राखिएको ठाउँ, देवालय |
| महŒव | नाम | महत्+त्व | कुनै कुराको महिमा |
| वसन्त | नाम | मूल शब्द | ६ ऋतुमध्ये एक ऋतु, चैत र वैशाख महिनामा पर्ने समय |
| छटा | नाम | मूल शब्द | शोभा, कान्ति, चमक |
| विनोद | नाम | वि+नोद | मनलाई आनन्दित पार्ने काम, मनोरञ्जन |
| दृष्टि | नाम | दृश्+ति | हेर्ने काम, हेराइ |
| विशाल | विशेषण | वि+शाल | ठूलो आकारको, आकारका दृष्टिले धेरै फैलिएको |
| प्रकृति | नाम | प्र+कृति | आफैं बनेको वस्तु, प्राकृतिक वस्तु |
| भाव | नाम | मूल शब्द | कुनै कथन, रचना आदिको मुख्य अभिप्राय, तात्पर्य |
| वास्तु | नाम | मूल शब्द | गृहनिर्माणका लागि छुट्याइएको जमिन वा घडेरी, भवन, मन्दिर आदि निर्माणको शिल्प |
| शैली | नाम | शील+ई | ढङ्ग, ढाँचा, तरिका वा विधि |
| परिणत | विशेषण | परि+नत | एउटा वस्तु अर्को वस्तुमा बदलिएको, रूपान्तरित |
| स्वभावतः | क्रियायोगी | स्वभाव+तः | स्वभावले, स्वभावको, परिणतस्वरूप |
| गार्हस्थ | विशेषण | मूल शब्द | गृहस्थ सम्बन्धी, गृहस्थको |

| | | | |
|---|---|---|---|
| जीवन | नाम | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि |
| प्रतिनिधित्व | नाम | प्रतिनिधि+त्व | प्रतिनिधिले काम गर्ने |
| सङ्केत | नाम | सम्+कित्+अ | कुनै वस्तु, विचार आदिलाई जनाउने चिह्न, चिनो |
| आर्थिक | विशेषण | अर्थ+इक | धनसम्पत्ति सम्बन्धी |
| सक्षम | विशेषण | स +क्षम | कुनै काम गर्ने योग्यता तथा क्षमता भएको, क्षमतावान् |
| भौतिक | विशेषण | भूत+इक | पृथ्वी वा पृथ्वीमा पाइने वस्तुसँग सम्बन्धित |
| अवस्था | नाम | अव+स्था | कुनै कार्य, घटना आदिको स्थिति |
| महŒवाकांक्षा | नाम | महŒव+आकाङ्क्षा | कुनै ठूलो काम गर्ने इच्छा, उच्च लक्ष्य प्राप्त गर्ने चाहना |
| प्रयास | नाम | प्र+यास | कुनै कामका लागि गरिने कोसिस, प्रयत्न |
| विशेष | विशेषण | वि+शेष | अरुभन्दा भिन्न, विशिष्ट |
| अनेक | विशेषण | अन्+एक | एकभन्दा बढी, धेरै |
| सम्बन्ध | नाम | सम्+बन्ध | कनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम, योग |
| मनोभावना | नाम | मनस्+भावना | मनको भावना, इच्छा |
| अनुकरण | नाम | अनु+करण | कुनै विषय, विचार वा कार्यको नक्कल, अनुसरण |
| कला | नाम | मूल शब्द | मान्छेको सिर्जनात्मक क्षमता व्यक्त गर्ने सीप |
| चलन | नाम | चल्+अन | चलिआएको स्थिति, चालचलन |

| | | | |
|---|---|---|---|
| मूर्ति | नाम | मूर्+ति | ढुङ्गो, माटो, धातु वा काठबाट बनाइएको प्राणी वा अन्य वस्तुको जड, आकृति, सालिक |
| प्राचीनता | नाम | प्राचीन+ता | प्राचीनमा हुने गुण तथा विशेषता, पुरानोपन |
| साक्षी | नाम | स +अक्ष+ई | कुनै घटना वा गतिविधिलाई आफ्नै आँखाले देखेको व्यक्ति, प्रत्यक्षदर्शी |
| भग्नावशेष | नाम | भग्न+अवशेष | भत्केर, बिग्रेर बाँकी रहेको अंश वा त्यस्तो वस्तु |
| पूजा | नाम | पूज्+आ | देवीदेवतालाई चन्दन, अक्षता, फूल चढाउने काम; पुज्ने काम |
| उत्तराधिकार | नाम | उत्तर+अधिकार | कुनै व्यक्ति वा अख्तियारवालाको कार्यकालपछि अर्को व्यक्तिलाई प्राप्त हुने अधिकार |
| विजय | नाम | वि+जय | युद्ध वा प्रतियोगितामा हुने जित, सफलता |
| दृश्य | विशेषण | दृश्+य | आँखाले देख्न तथा हेर्न सकिने, सेरोफेरोमा देखिने |
| विशालता | नाम | विशिष्ट+ता | विशिष्ट हुँदाको स्थिति, विशेष किसिमको स्थिति |
| संस्कृति | नाम | सम्+कृति | देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार व्यवहार, बौद्धिकता आदि वा त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता |
| आबद्ध | विशेषण | आ+बद्ध | बाँधिएको, बन्धनमा परेको |
| पर्व | नाम | मूल शब्द | कुनै महिनाको तिथि, गते वा बारमा पर्ने शुभ दिन, उत्सव, चाड |
| जातिगत | विशेषण | जाति+गत | जातिमा आधारित, जातीय |

| | | | |
|---|---|---|---|
| क्षेत्रीय | विशेषण | क्षेत्र+ईय | कुनै खास क्षेत्र वा प्रदेशसँग सम्बन्धित, क्षेत्रको |
| भाषा | नाम | भाष्+आ | बोली |
| राजकीय | विशेषण | राज्य+क+ईय | राज्यसँग सरोकार भएको, राज्यस्तरको |
| उदाहरण | नाम | उत्+आ+हरण | कुनै भनाइलाई सिद्ध गर्न वा अझ स्पष्ट पार्न दिइने नमुना |
| व्यापारी | नाम | व्यापार+ई | व्यापार गर्ने व्यक्ति |
| दल | नाम | मूल शब्द | समूह, जमात, गुट |
| समूह | नाम | सम्+ऊह | कुनै वस्तु वा प्राणीको बथान, थुप्रो |
| सन्तान | नाम | सम्+तान | छोराछोरी, नातिनातिना आदि ; सन्तति |
| प्रतीक | नाम | प्रति+इक | खास वस्तु, विषय, दृश्य आदिलाई जनाउने अर्को वस्तु, चिनो, प्रतिमा |
| माया | नाम | मूल शब्द | आफूभन्दा सानाप्रति गरिने स्नेह, ममता |
| स्वामित्व | नाम | स्वामी+त्व | व्यक्तिसँग सम्बन्धित कुनै वस्तुको हक, मालिकमा हुने अधिकार |
| आर्थिक | विशेषण | अर्थ+इक | धनसम्पत्ति सम्बन्धी |
| सामाजिक | विशेषण | समाज+इक | समाजसँग सम्बन्धित |
| श्रुति | नाम | श्रु+ति | सुन्ने काम, श्रवण |
| जीवित | विशेषण | जीव्+इत | जीवन भएको, बाँचेको, जिउँदो |
| विकसित | विशेषण | विकास +इत | विकास भएको, उन्नति प्रगति भएको |
| वर्तमान | विशेषण | वृत्+मान | अहिले भइरहेको वा चलिरहेको |

| | | | |
|---|---|---|---|
| संस्कृति | नाम | सम्+कृति | आचारव्यवहार, संस्कार |
| निर्माण | नाम | निर्+मान | कुनै वस्तुलाई आकारमा ढाल्ने काम, मूर्त रूप दिने काम |
| क्रमशः | क्रियायोगी | क्रम+शः | क्रमैसँग, सिलसिलाबद्ध ढङ्गले |
| कृति | नाम | कृ+ति | कुनै रचना वा सृजना |
| प्रतिशत | विशेषण | प्रति+शत | प्रत्येक सयको, सयकडा |
| भौगोलिक | विशेषण | भूगोल+इक | भूगोल वा पृथ्वी सम्बन्धी |
| स्थिति | नाम | स्था+ति | खास ठाउँ वा समयमा कुनै वस्तु, व्यक्ति आदि रहेको तथा भएको अवस्था; सामान्य अवस्था |
| भिन्नता | नाम | भिन्न+ता | कुनै वस्तुमा पाइने अलग विशेषता, फरक |
| शास्त्रीय | विशेषण | शास्त्र+ईय | शास्त्रअनुसारको, शास्त्रसम्बन्धी |
| विस्तार | नाम | वि+स्तर | कुनै वस्तु वा विषयलाई फैलाउने तथा बढाउने काम |
| उपत्यका | नाम | उप+त्यक+आ | पहाडले घेरिएको बीचको समथर भूमि |
| विलीन | विशेषण | वि+लीन | कुनै वस्तु अर्को वस्तुमा विलय भएको, घुलमिल भएको |
| विशाल | विशेषण | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको, ठूलो आकारको |
| देशान्तर | नाम | देश+अन्तर | आफ्नो देशबाहेक अरु देश, विदेश |
| भ्रमण | नाम | भ्रम्+अन | घुम्ने काम, घुमफिर |

| | | | |
|---|---|---|---|
| विचरण | नाम | वि+चर्+अन | यताउति डुल्ने तथा घुम्ने काम हिँडडुल |
| अन्तर्निहित | विशेषण | अन्तर्+निहित | बाहिर प्रकट नभएको, अव्यक्त वा अन्तर्भूत |
| वस्तुगत | विशेषण | वस्तु+गत | वस्तुमा आधारित, भावनामा नभएर तथ्यसँग सम्बन्धित |
| व्यक्ति | नाम | वि+अञ्ज्+ति | पृथक मान्छे, भिन्न मान्छे |
| दुर्भाग्य | नाम | दुर्+भाग्य | खराब भाग्य, अभाग |
| समतल | विशेषण | सम+तल | बराबर सतह भएको, सम्म परेको |
| खण्ड | नाम | मूल शब्द | कुनै वस्तुको टुक्रा, भाग वा अंश |
| वयोवृद्ध | विशेषण | वयस् +वृद्ध | उमेरले धरै पाको, उमेरले धैरै वृद्ध भएको |
| अध्यापक | नाम | अधि+आप्+अक | पढाउने पेशा लिएको व्यक्ति, शिक्षक |
| स्थापना | नाम | स्थापन+आ | कुनै वस्तुलाई खास ठाउँमा मिलाएर राख्ने काम, विधिपूर्वक खडा गर्ने काम |
| राजकीय | विशेषण | राज्य+क+ईय | राज्यसँग सरोकार भएको, सरकारी |
| व्यवहार | नाम | वि+अव+हार | समाजमा एक व्यक्तिले अर्को व्यक्तिसँग कायम गर्ने सम्बन्ध |
| वंशज | विशेषण | वंश+ज | वंशमा जन्मिएको, खास कुलमा उत्पन्न, सन्तान |
| क्षमता | नाम | क्षम+ता | कुनै काम गर्न सक्ने योग्यता, सामर्थ्य |
| राजा | नाम | राज्+आ | राजतन्त्र भएको देशको राष्ट्र प्रमुख |
| जनता | नाम | जन+ता | कुनै देशका बासिन्दा, देशमा बस्ने |

| | | | |
|---|---|---|---|
| | | | मानिसहरूको समूह |
| सामाजिक | विशेषण | समाज+इक | समाजमा आधारित |
| स्तर | नाम | मूल शब्द | वस्तुको उचाइ, तह, सतह |
| सम्पत्ति | नाम | सम्+पद्+ति | चलअचल धन, दौलत |
| समाज | नाम | मूल शब्द | खास रहनसहन, रीतिरिवाज, धर्म आदिबाट आबद्ध रहेका मानिसहरूको समूह |
| प्रखर | विशेषण | प्र+खर | ज्यादै कडा, उग्र, प्रचण्ड |
| शीतल | विशेषण | शीत+ल | अनुकूल हुने तापक्रम |
| कुञ्ज | नाम | मूल शब्द | लहराले जेरिएर गुम्बज जस्तो बनेको ठाउँ, लतागृह |
| प्रवेश | नाम | प्र+विश् | कोठा, घर आदिभित्र पस्ने तथा भित्रिने काम वा त्यस्तो प्रक्रिया |
| प्रयोग | नाम | प्र+योग | कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम, उपयोग |
| स्मरण | नाम | स्मृ+अन | कुनै कुराको मनमा हुने सम्झना, याद |
| साल | नाम | मूल शब्द | गर्मी प्रदेशमा पाइने भित्री भागमा कडा काठ हुने एक प्रकारको वनस्पति |
| वन | नाम | मूल शब्द | जङ्गल |
| घना | विशेषण | मूल शब्द | बाक्लो, खँदिलो |
| मध्यान्ह | नाम | मध्य+अह्न | दिनको बीच भाग, मध्यदिन |
| शान्ति | नाम | शम्+ति | हल्ला नहुँदाको स्थिति, सुनसान अवस्था |

| | | | |
|---|---|---|---|
| विश्रान्ति | नाम | वि+श्रम्+ति | आराम |
| भूत | नाम | भू+त | मरेको मान्छेको आत्मा वा त्यसको कल्पित आकार;मृतात्मा |
| वर्ष | नाम | मूल शब्द | १२ महिनाको समय वा सो अवधि, ३६५ दिनको समयावधि |
| शारीरिक | विशेषण | शरीर+इक | शरीर सम्बन्धी, शरीरको |
| अन्तर्राष्ट्रिय | विशेषण | अन्तर+राष्ट्रिय | अन्तर्राष्ट्रिय |
| राष्ट्रिय | विशेषण | रष्ट्र+इय | राष्ट्र सम्बन्धी |
| राजमार्ग | नाम | राजा/राज्य+मार्ग | देशको मुख्य सडक वा मार्ग, मूल सडक |
| सञ्चार | नाम | सम्+चार | सूचना, सन्देश, समाचार आदिलाई एक ठाउँबाट अर्को ठाउँ पठाउने काम |
| स्पष्ट | विशेषण | श्पश्+त | देख्न सकिने, सुनिने, बुझिने |

देवीचन्द्र श्रेष्ठद्वारा लिखित 'इतिहासको पदचाप' निबन्धमा १७१५ शब्दहरू प्रयोग भएका छन् जसमध्ये १५५ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ९.०३ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका प्रयोग भएका छन् ।

**पाठ छ.. समय**

जगदीश घिमिरेको ‘ समय ’ निबन्ध ‘अन्तर्मनको यात्रा’ (२०६४) आत्मालापमा सङ्गृहीत निबन्ध हो । निबन्धकार घिमिरे वि.सं. २०२१ सालदेखि सिर्जना क्षेत्रमा लागिपरेका हुन् ।

यस निबन्धमा निबन्धकारले समय नै सर्वेसर्वा भएको धारणा राख्दै जीवनसम्बन्धी दृष्टिकोण व्यक्त गरेका छन् । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा लेखकको आफ्नो वैयक्तिक जीवनका अनुभूतिलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् । छोटा र सरल वाक्य गठन, मिथकीयता, बिम्बात्मकता, आत्मपरकता यस निबन्धका भाषाशैलीगत विशिष्टता हुन् ।

**तालिका संख्या ७: समय निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| समय | नाम | सम्+अय | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द ; काल |
| विषय | नाम | वि+शय | त्यस्तो कुरा जसको बारेमा बयान गरिन्छ, छलफल गरिन्छ |
| सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द, खुसीयाली |
| सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै, जम्मै, भएभरको |
| पवन | नाम | मूल शब्द | वायु |
| अन्त्य | नाम | अन्त+य | आखिर, पुछार, आखिरी अवस्था |
| बलवान् | विशेषण | बल+वान् | धेरै बल भएको, बलियो, शक्तिशाली |
| बुद्धिमान् | विशेषण | बुद्धि+मान् | बुद्धि भएको, ज्ञानी, समझदार |
| विजय | नाम | वि+जय | युद्ध वा प्रतियोगितामा हुने जित, सफलता |
| चमत्मार | नाम | चमत्+कार | देख्दा, सुन्दा छक्क लाग्ने काम वा विषय, आश्चर्य |
| ब्रह्माण्ड | नाम | ब्रह्म+अण्ड | ग्रह, तारा, नक्षत्र, अन्तरिक्ष आदिको सम्पूर्णतालाई |

| | | | |
|---|---|---|---|
| | | | बुझाउने शब्द |
| अस्तित्व | नाम | अस्ति+त्व | कुनै वस्तु, व्यक्ति आदि छँदा वा रहँदाको स्थिति |
| सृष्टि | नाम | सृज्+ति | सृजना वा रचना गर्ने काम |
| सौरमण्डल | नाम | मूल शब्द | सूर्यको परिवेशभित्र रहेका ग्रह तथा उपग्रहको समूह |
| रहस्यमय | विशेषण | रहस्य+मय | रहस्यले भरिएको, रहस्यपूर्ण |
| दृश्य | विशेषण | दृश्+य | आँखाले देख्न तथा हेर्न सकिने |
| अदृश्य | विशेषण | अ+दृश्य | बाहिर नदेखिने, लुकेको |
| ज्ञेय | विशेषण | ज्ञा+य | जान्नु पर्ने, जान्न योग्य |
| अज्ञेय | विशेषण | अ+ज्ञेय | जान्न र बुझ्न नसकिने, अबोध्य |
| जीवन | नाम | जीव्+अन | आयु, जिन्दगी |
| काल | नाम | मूल शब्द | मृत्यु |
| जन्म | नाम | जन्+म | बच्चा निस्कने प्रक्रिया |
| बालापन | नाम | बाला+पन | केटाकेटीको स्वभाव, चञ्चल स्वभाव |
| यौवन | नाम | मूल शब्द | तरुण अवस्था, जवानी, तन्नेरी |
| मृत्यु | नाम | मूल शब्द | मर्ने क्रिया, निधन |
| पर्याय | नाम | परि+ आय | समान अर्थ, उही अर्थको आवृत्ति |
| संस्कृत | नाम | सम्+कृत | परिष्कार गरिएको एक प्राचीन भाषा |
| भाषा | नाम | भाष्+आ | सञ्चारको माध्यम, बोली |

| | | | |
|---|---|---|---|
| अर्थ | नाम | मूल शब्द | कुनै शब्दले सङ्केत गर्ने मतलब वा माने |
| शब्द | नाम | मूल शब्द | एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको कोशीय एकाइ, पद |
| अतः | क्रियायोगी | मूल शब्द | यसकारण, यसर्थ, यसैले भन्ने जनाउन परिमाणबोधक उपवाक्यको सुरुमा आउने शब्द |
| स्थिति | नाम | स्था+ति | खास ठाउँ वा समयमा कुनै वस्तु, व्यक्ति आदि रहेको तथा भएको अवस्था |
| प्रलय | नाम | प्र+लय | सृष्टिको विनाश, सर्वनाश |
| अर्थात् | संयोजक | मूल शब्द | एउटा शब्द, पदावली वा उपवाक्यमा भनिएको कुरालाई अर्को ढङ्गले स्पष्ट पार्दा प्रयोग हुने शब्द |
| उत्सव | नाम | उत्+सव | कुनै विशेष अवसरमा हुने खुसियाली |
| शोक | नाम | मूल शब्द | मनको वेदना |
| दुःख | नाम | दुस् +ख | शारीरिक वा मानसिक पीडा, व्यथा |
| सत्य | विशेषण | मूल शब्द | जस्तो छ त्यस्तो, साँचो |
| सुयोग | नाम | सु+योग | असल योग, शुभ अवसर |
| यथार्थ | विशेषण | यथा+अर्थ | सत्य, वास्तविक |
| समस्त | विशेषण | सम्+अस् +त | एकै ठाउँमा जम्मा गरिएको, सम्पूर्ण |
| चेतन | नाम | चित्+अन | चेतना, होस, चेत |
| जड | नाम | मूल शब्द | मुख्य तŒव |
| अवसान | नाम | अव+सान | कुनै कार्य वा घटनाको समाप्ति, विश्राम |
| खेल | नाम | मूल शब्द | भलिबल, फुटबल, क्रिकेट, डन्डीबियो, कपर्दी आदि |

| | | | |
|---|---|---|---|
| | | | । |
| उपलब्धि | नाम | उप+लब्धि | उपलब्ध भएको वा प्राप्त भएको स्थिति |
| अनुपलब्धि | नाम | अन्+उपलब्धि | उपलब्ध नभएको स्थिति |
| कारण | नाम | कृ+अन | घटना वा कार्य उत्पन्न गर्ने तŒव |
| कर्ता | विशेषण | कृ+ता | काम गर्ने, कार्य सम्पादन गर्ने |
| भ्रम | नाम | मूल शब्द | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति |
| आनन्ददायी | विशेषण | आनन्द+दायी | आनन्द दिने, सुख दिने |
| दुःखद | विशेषण | दुःख+द | दुःख दिने, कष्ट हुने |
| अहङ्कार | नाम | अहम्+कार | आफूलाई ठूलो ठान्ने स्वभाव, घमण्ड |
| हीनताबोध | नाम | हीनता+बोध | सानो वा कमजोर ठान्ने भाव |
| बोध | नाम | बुध्+अ | सुनेर, हेरेर, पढेर कुनै कुरा बुझ्ने काम |
| आकाश | नाम | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ |
| आकाङ्क्षा | नाम | आ+काङ्क्षा | इच्छा, चाहना, अभिलाषा |
| प्रयोग | नाम | प्र+योग | उपयोग, व्यवहार |
| मूर्खता | नाम | मूर्ख+ता | मूर्ख हुनुको पन, मूर्खमा हुने विशेषता |
| मुक्त | विशेषण | मुच्+त | कसैको अधीन वा बन्धनबाट छुटेको, स्वतन्त्र |
| रोग | नाम | रुज्+अ | शरीरमा हुने अस्वस्थता, बिमार |
| विवेक | नाम | वि+विच्+अ | ठीक–बेठीक वा असल–खराब छुट्याउन सक्ने बुद्धि |

| | | | |
|---|---|---|---|
| सौभाग्यशाली | विशेषण | सौभाग्य+शाली | सौभाग्यवान् |
| स्वजन | नाम | स्व+जन | आफन्त, नातेदार |
| निकटस्थ | विशेषण | निकट+स्थ | नजिकमा रहेको, छेउको |
| यात्रा | नाम | या+त्र+आ | भ्रमण, अनुहार |
| महŒव | नाम | महत्+त्व | कुनै कुराको विशेष उपयोगिता |
| स्वस्थ | विशेषण | स्व+स्थ | निरोगी, तन्दुरुस्त |
| अन्तर्मन | नाम | अन्तर्+मन | भित्री मन, अन्तरहृदय |
| साहित्य | नाम | सहित+य | विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति |
| पुस्तक | नाम | मूल शब्द | पढ्ने तथा पढाइने लिखित वा मुद्रित पाठ्यसामग्री, किताब |
| क्षण | नाम | मूल शब्द | समयको ज्यादै सानो अंश वा परिणाम, छिन |
| रचना | नाम | रच्+अन+आ | बनाउने काम, निर्माण |
| सम्पर्क | नाम | सम्+पर्क | कसैसँग भेटघाट |
| सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम |
| सदस्य | नाम | सदस् +य | कुनै संघ, संस्था, समिति वा सभामा संलग्न हुने अधिकार वा हैसियत भएको व्यक्ति |
| आत्मीय | विशेषण | आत्मा+ईय | मन मिल्ने, ज्यादै निकट |
| प्रत्येक | विशेषण | प्रति+एक | हरेक, प्रति |
| आयाम | नाम | आ+याम | वस्तुको रूप तथा आकृतिको विस्तार तथा फैलावट |

| | | | |
|---|---|---|---|
| परिवर्तित | विशेषण | परि+वृत्+इत | परिवर्तन गरिएको, बदलिएको |
| माया | नाम | मूल शब्द | प्रेम, प्रीति, प्यार |
| दिन | नाम | मूल शब्द | दिवस घाम भएसम्मको समय |
| सामान्य | विशेषण | समान+य | खास गुण वा विशेषता नभएको, साधारण |
| आश्रम | नाम | आ+श्रम | ऋषिमुनिहरूको वासस्थान वा निवास |
| उपवास | नाम | उप+वास | केही नखाई लिइने व्रत, निराहार व्रत |
| प्राण | नाम | मूल शब्द | जीवनको शक्ति, जीवन, ज्यान |
| स्वजन | नाम | स्व+जन | एउटै परिवारमा बस्ने व्यक्ति, आत्मीय व्यक्ति |
| चिकित्सक | नाम | चिकित्सा +अक | औषधी उपचार गर्ने व्यक्ति |
| चेतना | नाम | चेतन+आ | होस, चेत, बोध |
| इन्द्रिय | नाम | इन्द्र+इय | ज्ञान वा संवेदनाका लागि प्रवृत्त हुने शारीरिक अङ्ग |
| लभ्य | विशेषण | लभ्+य | पाउनु पर्ने, पाइने, प्राप्य |
| व्याकुलता | नाम | व्याकुल+ता | व्याकुल भएको स्थिति, बेचैनी |
| दाह | नाम | मूल शब्द | डढाउने वा पोल्ने काम, लास जलाउने काम |
| संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग |
| अवस्था | नाम | अव+स्था | कुनै कार्य, घटना आदिको स्थिति |
| महाभारत | नाम | महा+भारत | कौरव र पाण्डवबीचको युद्ध |
| प्रख्यात | विशेषण | प्र+ख्यात | नाम चलेको, कीर्ति फैलिएको |

| | | | |
|---|---|---|---|
| रथ | नाम | मूल शब्द | घोडाले तान्ने चार पाङ्ग्रे गाडा वा त्यस्तो सवारी साधन |
| अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो, अन्त्यको |
| स्तब्ध | विशेषण | स्तम्भ+त | छक्क परेको, अन्योलमा परेको |
| अस्त्र | नाम | मूल शब्द | टाढाबाट फ्याँकेर, प्रहार गरिने हतियार |
| प्रहार | नाम | प्र+हार | मुक्का, लट्ठी, हतियार आदिले हान्ने काम;आघात, चोट |
| जीर्ण | विशेषण | जृ+न | धेरै उपयोग गरेर पुरानो भएको, थोत्रो |
| युद्ध | नाम | युध्+त | परस्परमा गरिने भीषण आक्रमण |
| योगबल | नाम | योग+बल | योगको साधना गर्दा प्राप्त हुने शक्ति |
| प्रभाव | नाम | प्र+भाव | परिणाम, प्रतिफल |
| कुप्रभाव | नाम | कु+प्रभाव | खराब प्रभाव, हानिकर वा प्रतिकूल असर |
| शरीर | नाम | मूल शब्द | जिउ, देह |
| काल | नाम | मूल शब्द | समय, बेला मृत्यु |
| आत्मविश्वास | नाम | आत्म+विश्वास | आफ्नो योग्यता तथा क्षमताप्रति दृढविश्वास |
| समाप्त | विशेषण | मूल शब्द | पूरा नभएको, पूर्ण |
| परिवार | नाम | परि+वार | भान्सामा खाने एकै बाबुआमाका सन्तान |
| विचार | नाम | वि+चार | चिन्तन, मनन |
| दण्ड | नाम | मूल शब्द | सजाय, जरिवाना |
| यातना | नाम | यत्+अन+आ | कसैलाई शारीरिक वा मानसिक रूपमा सताउने |

| | | | |
|---|---|---|---|
| | | | काम |
| मुक्ति | नाम | मुच्+ति | सङ्कट, समस्या आदिबाट छुटकारा |
| अमृत | नाम | अ+मृत | अमर भइन्छ भन्ने विश्वासको काल्पनिक पेय |
| चिन्तक | नाम | चिन्त+अक | चिन्तन गर्ने व्यक्ति, विचारक |
| आधुनिक | विशेषण | अधुना+इक | अहिलेको, वर्तमानको |
| भावना | नाम | भाव्+अन+आ | मनमा उत्पन्न हुने कल्पना, अनुभूति |

जगदीश घिमिरेद्वारा लिखित 'समय' निबन्धमा २१९० शब्दहरू प्रयोग भएका छन् । जसमध्ये १२० वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ५.४७ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका प्रयोग भएका छन् ।

## पाठ ज. वरुणको रगत

माधवप्रसाद पोखरेल ( जन्म वि.सं.२००५) को 'वरुणको रगत' प्रथम पटक 'मधुपर्क' पत्रिकामा २०५१ सालमा प्रकाशित भएको निबन्ध हो । यस निबन्धमा ग्रिक मिथोलोजीमा निरङ्कुश शासक युरेनसको रगत प्रत्येक शासकहरूमा रहेको कुरा प्रस्तुत गर्दै जनताका आडमा सत्ता सिंहासनमा पुगेपछि सत्ताको मात लागेर प्रत्येक व्यक्ति निरङ्कुश हुँदै जाने प्रवृत्तिलाई उद्घाटन गरिएको छ ।

सरल भाषा शैलीमा लेखिएको उक्त निबन्धका बौद्धिकता र भावनाको सन्तुलन, आत्मपरक शैली, वर्णनात्मकता, बिम्बात्मकता, मिथकीयता, व्यङ्ग्यात्मकता भाषाशैलीगत विशिष्टता हुन् ।

**तालिका संख्या ८ : वरुणको रगत निबन्धमा प्रयुक्त तत्सम शब्द**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ |
|---|---|---|---|
| निरङ्कुश | विशेषण | निर्+अङ्कुश | आफ्ना हुकुमबाट शासन चलाउने , तानाशाह |

| | | | |
|---|---|---|---|
| प्रजा | नाम | प्र+जन्+आ | जनता, जनताको समूह |
| जनता | नाम | जन+ता | कुनै देशका बासिन्दा, जनसमूह |
| पाताल | नाम | मूल शब्द | पृथ्वीभन्दा तल रहेको ठानिने कुनै लोक |
| नेता | नाम | नी+ता | नाइके, अगुवा |
| जनप्रिय | विशेषण | जन+प्रिय | लोकप्रिय |
| बन्दी | नाम | बन्द+ई | कैदी, थुनुवा |
| शासन | नाम | शास् +अन | अमनचैन कायम राख्ने काम |
| निष्कण्टक | विशेषण | निस् +कण्टक | कुनै विघ्न वाधा नभएको |
| सन्तान | नाम | सम्+तान | वंश, कुल वा त्यसको शृङ्खला |
| शक्ति | नाम | शक्+ति | सामर्थ्य, बल |
| लोकप्रिय | विशेषण | लोक+प्रिय | जनताले मन पराएको |
| शासक | नाम | शास् +अक | शासन चलाउने व्यक्ति |
| प्रजातान्त्रिक | विशेषण | प्रजातन्त्र+इक | प्रजातन्त्र भएको, प्रजातन्त्रवादी |
| जनमुखी | विशेषण | जनमुख+ई | जनताप्रति अभिमुख, जनताको हित गर्ने |
| विरोधी | विशेषण | विरोध+ई | कसैको कार्य वा विचारको विरोध गर्ने |
| अत्याचार | नाम | अति+आचार | ऐन कानुनको सीमा नाघेर गरिने दुराचार, ज्यादती |
| विरोध | नाम | वि+रोध | कसैको भनाइ तथा कार्यप्रति असहमति प्रकट गर्ने काम |
| क्रान्ति | नाम | क्रम्+ति | ठूलो सामाजिक उथलपुथल, आमूल परिवर्तन |

| | | | |
|---|---|---|---|
| घोषणा | नाम | घोषण+आ | ठूलो आवनजमा कुनै निर्णय वा अठोट सुनाउने काम |
| राजा | नाम | मूल शब्द | राजतन्त्र भएको देशको राष्ट्र प्रमुख |
| जनवादी | विशेषण | जनवाद+ई | जनवादमा विश्वास गर्ने |
| प्रजातन्त्र | नाम | प्रजा+तन्त्र | जनप्रतिनिधिहरूको व्यवस्था |
| मूल | नाम | मूल शब्द | मुख्य, प्रधान |
| भावना | नाम | भाव+अन+आ | मनमा उत्पन्न हुने कल्पना; अनुभूति |
| भाषा | नाम | भाष्+आ | सञ्चारको माध्यम |
| संस्कृत | नाम | सम्+कृत | परिष्कार गरिएको मानक एक भाषा |
| पितृ | नाम | मूल शब्द | मरेका पुर्खा, दिवङ्गत पूर्वज |
| परिवार | नाम | परि+वार | एकै घरमा बसी एकै भान्सामा खाने एकै बाबुआमाको सन्तान |
| यथार्थ | विशेषण | यथा+अर्थ | साँचो, सत्य, वास्तविक |
| पिण्डपानी | नाम | पिण्ड+पानी | पितृलाई श्राद्धमा दिइने पिण्ड र जल |
| शताब्दी | नाम | शत+अब्द+ई | सय वर्षको अवधि |
| राज्य | नाम | राज्+य | राज गरिने क्षेत्र, देश, राष्ट्र |
| स्थापना | नाम | स्थापन+ आ | नयाँ संघ संस्था आदि खडा गर्ने काम |
| साहित्य | नाम | स +हित+य | विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति |
| यवन | नाम | मूल शब्द | युनान वा ग्रिस देशका निवासी |
| व्यक्ति | नाम | वि+अञ्ज+ति | पृथक मान्छे, भिन्न मान्छे |

| | | | |
|---|---|---|---|
| महाभारत | नाम | महा+भारत | कौरव र पाण्डवका बीच चलेको १८ दिन सम्मको भयानक युद्ध |
| काल | नाम | मूल शब्द | समय, बेला |
| कैलाश | नाम | मूल शब्द | शीवजीको वासस्थान मानिएको प्रसिद्ध तीर्थस्थल |
| मानसरोवर | नाम | मानस् +सरोवर | कैलाश पर्वतको फेदीमा रहेको प्रसिद्ध ताल |
| यज्ञ | नाम | यज्+न | विधिपूर्वक गरिने हवन |
| पिपीलिका | नाम | पिपीलक+आ | कमिलो |
| सुवर्ण | नाम | सु+वर्ण | सुन |
| उपमहाद्वीप | नाम | उप+महाद्वीप | महाद्वीपभित्र रहेको ठूलो टापु |
| आधिपत्य | नाम | अधिपति+य | कुनै व्यक्तिको प्रभुत्व |
| वैदिक | विशेषण | वेद+इक | वेदसँग सम्बन्धित, वेदमा उल्लेख भएको |
| बौद्ध | विशेषण | मूल शब्द | बुद्ध धर्मसँग सम्बन्धित |
| पिता | नाम | मूल शब्द | बुबा, जन्मदाता |
| विचार | नाम | वि+चार | चिन्तन, मनन |
| परम्परा | नाम | परम्+परा | रीतिरिवाज, प्रथा |
| पौराणिक | विशेषण | पुराण+इक | पुराण सम्बन्धी, पुराणमा भएको |
| धर्म | नाम | मूल शब्द | मानिसहरूले मान्दै आएको परम्परागत विश्वास |
| संस्कृति | नाम | सम्+कृति | संस्कार, परिष्कार |
| प्रारम्भ | नाम | प्र+आरम्भ | कामको आरम्भ, थालनी |

| | | | |
|---|---|---|---|
| दीक्षित | विशेषण | दीक्ष+इत | दीक्षा प्राप्त गरेको |
| मनुस्मृति | नाम | मनु+स्मृति | मनुले लेखेको हिन्दुहरूको आचार शास्त्र |
| अधिकांश | विशेषण | अधिक+अंश | धेरैजसो, अधिकतर |
| पुरुष | नाम | मूल शब्द | लोग्नेमान्छे |
| भूमि | नाम | भू+मि | पृथ्वीको सतह, जमिन |
| पूर्वज | विशेषण | पूर्व+ज | वंश परम्परमा पहिलेको, पुर्खा |
| इतिहास | नाम | इति+ह+आस | कुनै देश, जाति, संस्था आदिको उत्पत्ति र विकासको कथा |
| प्राय: | क्रियायोगी | मूल शब्द | धरैजसो, धेरै मात्रामा |
| पञ्चतन्त्र | नाम | पञ्च+तन्त्र | पाँचवटा परिच्छेदमा सङ्कलित नीतिकथाहरूको विश्वप्रसिद्ध ग्रन्थ |
| जीवन | नाम | जीव+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि, जिन्दगी |
| सती | नाम | सत्+ई | सत्य वा पतिव्रता धर्ममा रहेको स्त्री |
| अपमान | नाम | अप+मान | कसैलाई गरिने हेला |
| शासक | नाम | शास् +अक | सरकारमा बसेर शासन चलाउने व्यक्ति |
| भाग्य | नाम | भज्+य | प्राणीलाई ईश्वरले तोकिदिएको मानिने जीवनचर्या ; जीवनको सुख दु:ख |
| प्रकृति | नाम | प्र+कृति | प्राकृत वस्तु |
| कृत्रिम | विशेषण | कृति+म | बनावटी, अप्राकृतिक |
| सामन्त | नाम | मूल शब्द | जमिनदार, मुखिया, शोषक |

| | | | |
|---|---|---|---|
| अन्याय | नाम | अ+न्याय | नीति तथा नियमविरुद्ध गरिने काम |
| पूजा | नाम | पूज्+आ | देवीदेवतालाई चन्दन, अक्षता, फूल आदि चढाउने काम |
| कुशल | विशेषण | कुश+ल | निपुण, दक्ष |
| वर्ग | नाम | मूल शब्द | पेसा, जाति, थर दर्जा आदिको समूह |
| पद | नाम | मूल शब्द | योग्यता, क्षमता आदिका आधारमा कसैलाई कामका लागि दिइने स्थान, दर्जा |
| बहुमत | नाम | बहु+मत | धेरै किसिमको मत, भिन्न भिन्न विचार |
| सम्पत्ति | नाम | सम्+पद्+ति | चल–अचल धन |
| भ्रम | नाम | मूल शब्द | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति |
| सफल | विशेषण | स +फल | गरेको कामको राम्रो परिणाम भएको |
| चरित्र | नाम | चर्+इत्र | कुनै व्यक्तिको आनीबानी |
| स्वभाव | नाम | स्व+भाव | आदत, बानीबेहोरा |
| कर्मचारी | नाम | कर्म+चारी | सरकारी वा गैरसरकारी संस्थामा तलब पाउने गरी कुनै कामका लागि नियुक्त व्यक्ति |
| प्रशासक | नाम | प्र+शासक | प्रबन्धक, व्यवस्थापक |
| पञ्चायती | विशेषण | पञ्चायत+ई | पञ्चायतसँग सम्बन्धित |
| घोषणापत्र | नाम | घोषणा+पत्र | सबैको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशित गरिएको विशेष नीति |
| विकास | नाम | वि+कास् | कुनै व्यक्ति, समाज वा संस्थाको भौतिक, मानसिक, बौद्धिक आदि दृष्टिले उन्नति; |

| | | | |
|---|---|---|---|
| | | | आधुनिकीकरण |
| फल | नाम | मूल शब्द | नतिजा, उपलब्धि |
| वंशज | विशेषण | वंश+ज | वंशमा जन्मिएको, खास कुलमा उत्पन्न |
| दृष्टि | नाम | दृश्+ति | हेर्ने काम, हेराइ |
| विदेशी | विशेषण | विदेश+ई | अर्को देशको |
| अर्थतन्त्र | नाम | अर्थ+तन्त्र | आर्थिक व्यवस्था वा प्रणाली |
| राष्ट्रियता | नाम | राष्ट्रिय+ता | राष्ट्रप्रति गौरव गर्ने भावना |
| गम्भीर | विशेषण | मूल शब्द | विचारका दृष्टिले गहिरो, गहन |
| दुरूपयोग | नाम | दुर्+उपयोग | अनुचित प्रयोग |
| द्वैध | नाम | मूल शब्द | दुई किसिमको अवस्था, अन्तर |
| नागरिक | नाम | नगर+इक | देशमा बसोवास गरिआएका जनता |
| बहुरूपी | विशेषण | बहुरूप+ई | धेरै रूप भएको, विभिन्न भूमिकामा देखिने |
| खलनायक | नाम | खल+नायक | चलचित्र, नाटक आदिमा नायकको प्रतिद्वन्द्वी पात्र |
| नायक | नाम | नी+अक | कुनै समूह तथा दलको अगुवा |
| विरुद्ध | नाम | वि+रुद्ध | कसैको विचार, मत आदिको विरोध |
| आन्दोलन | नाम | आ+दोलन | उथपुथल वा हलचल |
| वैध | विशेषण | मूल शब्द | नियम अनुसारको, विधि अनुसारको |
| ध्वंश | नाम | मूल शब्द | नाश, विनाश |
| अवैध | विशेषण | अ+वैध | रीत नपुगेको |

| | | | |
|---|---|---|---|
| चलन | नाम | चल्+अन | चालचलन, परम्परा |
| निर्दोष | विशेषण | निर्+दोष | दोष नभएको |
| चित्र | नाम | मूल शब्द | तस्वीर, फोटो |
| अपराधी | नाम | अपराध+ई | अपराध गर्ने व्यक्ति |
| अनुहार | नाम | अनु+हार | मुख, चेहरा |
| स्वयंवर | नाम | स्वयम्+वर | वरवधूले वरण गर्ने कार्य |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान |

माधवप्रसाद पोखरेलद्वारा लिखित 'वरुणको रगत' निबन्धमा १६०५ शब्दहरू प्रयोग भएका छन् । जसमध्ये ११५ वटा तत्सम शब्दहरू प्रयोग भएका छन् । प्रतिशतका दृष्टिले हेर्ने हो भने ७.१६ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएका प्रयोग भएका छन् ।

# अध्याय- पाँच :

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुँदै विकसित भएकाले नेपाली साहित्य पनि संस्कृत भाषाका शब्दहरूले भरिएको छ । नेपाली साहित्यमा आगन्तुक शब्दहरूको प्रयोग भए पनि यसमा संस्कृत भाषाको छुट्टै स्थान रहेको छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दहरू तत्सम शब्दहरू हुन् ।

एमएड प्रथम वर्षको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात् यो शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

- शोधपत्रको सुरुमा भाषा, शब्द, शब्दवर्गीकरण, शीर्षक, प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिएको,
- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्दभित्र रहेको,
- बनोटको आधारमा शब्दलाई मूल र व्युत्पन्न र कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई स्पष्ट पारिएको,
- तत्सम शब्दहरूलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठसङ्ख्या समेत उल्लेख गर्दै पाठगत र शब्दगत क्रममा राखिएको,
- कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको प्रतिशताङ्क स्थिति कति रहेको भन्ने कुरा तालिका सहित पुष्टि गरिएको ,
- तत्सम शब्दहरूको वर्ग अन्तर्गत नाम, विशेषण, क्रियायोगी र संयोजक आदिको आधारमा छुट्याइएको,
- तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको,

- शब्द प्रयोगका दृष्टिले सबैभन्दा धेरै शब्दहरूको प्रयोग भएको निबन्ध कला र जीवन रहेको र सबभन्दा थोरै शब्दहरूको प्रयोग निबन्ध केही राष्ट्रिय रोग:एक अनुसन्धान रहेको ।
- तत्सम शब्दको प्रयोगका दृष्टिले सबभन्दा बढी तत्सम शब्दको प्रयोग भएको निबन्ध कला र जीवन रहेको र तत्सम शब्दको प्रयोग सबैभन्दा न्यून रहेको निबन्ध नमस्ते रहेको,
- प्रतिशतका दृष्टिले तत्सम शब्दहरूको प्रयोगलाई हेर्दा सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको निबन्ध इतिहासको पदचाप रहेको र सबै भन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको निबन्ध नमस्ते रहेको,
- तत्सम शब्दहरूको प्रयोगले कुनै पाठलाई क्लिष्ट र दुर्बोध्य बनाउँने हुनाले ती शब्दहरूको प्रकृति बुझ्न एमएड तहमा अध्ययनरत विद्यार्थी र अध्यापनरत् शिक्षकहरूलाई यो शोधकार्य उपयोगी रहेको छ,
- कुन पाठ कुन स्तरका लागि उपयुक्त छ, एम.एड तहमा समावेश गरिएका पाठ्हरू यस तहका विद्यार्थीका लागि उपयोगी छन्/छैनन् भन्ने कुराको निर्णय गर्नका लागि पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकलाई समेत यो शोधकार्य उपयोगी रहेको ।

## ५.२ सुझावहरू

एमएड प्रथम वर्षको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट निकालिएका निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छः

- कुनै पाठमा ज्यादै र कुनै पाठमा कम तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान रूपमा तत्सम शब्दको प्रयोग भएको निबन्धहरू समावेश गरिनु पर्दछ ।
- अप्ठ्यारा तत्सम शब्दहरूको आवृत्ति भइरहे विद्यार्थीहरूलाई सहज हुने थियो ।
- सबै निबन्धको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनु पर्ने देखिन्छ ।
- एमएड प्रथम वर्षको निबन्ध विधामा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरू छनोट गर्नुपर्ने देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि शीर्षकहरू

अध्ययन अनुसन्धान निरन्तर प्रक्रिया हो । यसको क्षेत्र व्यापक छ । यस शोध अध्ययनले समेट्न नसकेका यससँग सम्बन्धित अन्य थुप्रै समस्याहरू रहेका छन् । ती समस्याहरूलाई भावी पुस्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । तत्सम शब्दसम्बन्धी शोध अध्ययनका लागि धेरै शीर्षक हुन सक्छन् । ती मध्ये केही शीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

यस तहमा तत्सम शब्द केन्द्रित रहेर अनुसनधान गर्न सकिने केही शीर्षकहरू यस प्रकार छन्:

- एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण तथा मूल्यांकन,
- एमएड प्रथम वर्षको नाटक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,
- एमएड प्रथम वर्षको उपन्यास विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०४९), **समसामयिक नेपाली व्याकरण,** काठमाडौंः शुभकामना प्रकाशन ।

अवस्थी, महादेव र अन्य, (२०६६), **सरल नेपाली व्याकरण र रचना,** काठमाडौंः एकता बुक डिस्ट्रिब्युटर्स प्रा.लि. ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ सबैको नेपाली पाठ्यपुस्तको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता, बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

नेम्बाङ्ग, देवीमाया (२०७१), **नेपाली पाठ्यपुस्तको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस ।

न्यौपाने, टङ्क प्रसाद, (२०५४), **नेपाली व्याकरण र साहित्य,** काठमाडौंः जय बुक डिपो ।

पोखरेल, बालकृष्ण र अन्य (सातौं संस्करण २०६७), **नेपाली बृहत शब्दकोश,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, हेमनाथ (२०६२), **नेपाली व्याकरण बोध र अभिव्यक्ति,** काठमाडौं : पैरवी प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बराल, टीकादत्त (२०६८), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, नारायण (२०७१), **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

भट्टराई, डी.पी., (२०६६), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य, (२०६८), **नेपाली गद्य र नाटक,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य, (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

यादव, वैदनाथ (२०७०), **स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

लम्साल, रामचन्द्र र अन्य, (२०६५), **साधारण नेपाली,** काठमाडौंः शुभकामना प्रकाशन ।